# समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन हातेपुस्तिका २०८२



राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal)

# समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन हातेपुस्तिका, २०८२

**राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल** (NDRC, Nepal)

**प्रकाशन विवरण**
समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन हातेपुस्तिका, २०८२
प्रथम संस्करणः २०८२ (२०२५)

**प्रकाशकः**
राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal)
लेखन / योगदानकर्ताः

- कृष्ण प्रसाद घिमिरे

सम्पादन मण्डलः

- श्याम सुन्दर ज्ञवाली
- सुरेश थापा
- सरिता कार्की

डिजाइन र लेआउटः

- प्रशुराम अधिकारी
मुद्रणः

- रोल्वालिङ अफसेट प्रेस,
  बानेश्वर, काठमाडौं, फोन नं. ९८५११०२२२९

ISBN : 9789905-9947-1-3

---

**"समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन हातेपुस्तिका, २०८२"** नामक यो हातेपुस्तिका नेपाल पूर्वतयारी साझेदारी कार्यक्रम (NPP) सँग सम्बन्धित ज्ञान-सामग्रीका रुपमा तयार गरिएको हो। यो कार्यक्रम नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गतको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको समन्वयमा सञ्चालन हुँदै आएको बहुपक्षीय पहल हो। यो अध्ययन सामग्री एसियाली पूर्वतयारी साझेदारी (APP) अन्तर्गत विकसित भई ADPC को प्रवर्द्धन तथा Gates Foundation को आर्थिक सहयोगमा ADRF परियोजना अन्तरगत ज्ञान, सिकाइ तथा अभिलेखिकरण प्रयोजनका लागि तयार गरिएको हो। नेपालमा यस परियोजनाको कार्यान्वयन NDRC Nepal ले गरिरहेको छ। यस सामग्रीमा प्रस्तुत विचार, विश्लेषण र सुझावहरु केवल ज्ञान साझेदारी र सिकाइका लागि तयार गरिएको हुन् र यसले सम्बद्ध संस्थाहरुको आधिकारिक नीति वा धारणा अनिवार्य रुपमा प्रतिनिधित्व गर्दैन।

## विषय सूची


**१. विपद्को परिचय, विशेषता, प्रकार, कारण र प्रभाव ..... १**

१.१ परिचय ..... १

१.२ विपद्का विशेषताहरू ..... १

१.३ विपद्का प्रकार ..... २

१.४ विपद् निम्तिने कारणहरु ..... ३

१.५ विपद्को सबैभन्दा बढी प्रभाव पर्ने वर्ग तथा समुदाय ..... ५

१.६ विपद् बाट हुने आर्थिक क्षति ..... ५

**२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रयोग हुने केही शब्दावलीहरु ..... ७**

**३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ..... १०**

**४. नेपालमा विपद्को अवस्था ..... ११**

**५. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ..... १२**

५.१ समुदायमा आधारित विपद् व्यवस्थापन प्रक्रिया ..... १२

**६. समुदायमा आधारित विपद् पूर्वतयारी र प्रतिकार्य ..... १४**

६.१ विपद् पूर्वतयारी ..... १४

६.२ विपद् प्रतिकार्य ..... १४

**७. विपद् व्यवस्थापनमा परम्परागत अभ्यास र उत्थानशील समुदायको विकासका लागि सहकार्य ..... १६**

७.१ परम्परागत ज्ञान, सीप र प्रविधि ..... १६

७.२ उत्थानशील समुदायको विकासका लागि समन्वय तथा सहकार्य ..... १६

**८. समुदायको सहभागितामूलक सङ्कटासन्नता, जोखिम तथा क्षमता विश्लेषण ..... १९**

८.१ सहभागितामूलक सङ्कटासन्नता लेखाजोखा ..... १९

८.२ सहभागितामूलक सङ्कटासन्नता विश्लेषणका प्रमुख सिद्धान्तहरु ..... २०

८.३ सङ्कटासन्नता र क्षमताको विश्लेषणबाट जोखिमको पहिचान गर्ने तरिका ..... २१

**९. सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणका औजारहरु ..... २३**

९.१ सामाजिक स्रोत, प्रकोप, सङ्कटासन्नता तथा क्षमता नक्साङ्कन ..... २३

९.२ प्रकोप सूचीकरण तथा स्तरीकरणः ..... २४

९.३ प्रकोप पात्रोः ..... २५

९.४ ऐतिहासिक समय रेखाः................................................................२५
९.५ प्रकोप विश्लेषणः................................................................२६
९.६ समुदायको सम्पन्नता स्तरीकरण................................................................२६
९.७ समुदायको पारिवारिक सङ्कटासन्नता स्तरीकरण................................................................२७
९.८ समस्या वृक्ष वा जालोको विश्लेषणः................................................................२८
९.९ धरातलीय हिँडाइः................................................................२८
९.१० संस्थागत विश्लेषण वा रोटी चित्रः................................................................२९
९.११ गतिशिलता नक्साः................................................................३०
९.१२ लक्षित समूहह छलफलः................................................................३१
९.१३ प्रत्यक्ष अवलोकनः................................................................३२
९.१४ स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कनः................................................................३२
**१०. समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण................................................................३४**
१०.१ समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनका मुख्य पक्षहरु................................................................३६
१०.२ महिला नेतृत्व र सहभागिताको महत्त्व................................................................३६
१०.३ GEDSI मूलप्रवाहीकरणको महत्त्व................................................................३६
१०.४ GEDSI मूलप्रवाहीकरणका लागि प्रमुख कदमहरु................................................................३७
**११ पूर्वानुमानित कार्य (Anticipatory Action):................................................................३८**
११.१ पूर्वानुमानित कार्यको आवश्यकता र महत्त्वः................................................................३८
११.२ नेपालमा पूर्वानुमानित कार्यको अवस्थाः................................................................३८
**१२. समुदायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संरचना................................................................३९**
१२.१ सामुदायिक स्थानीय विपद् व्यवस्थापन समिति................................................................३९
१२.२ स्थानीय विपद् व्यवस्थापन समितिको काम र कर्तव्य................................................................३९
१२.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कार्यदलहरु................................................................४०
१२.४ कार्यदलका कार्यहरु................................................................४०
१२.५ समुदायका लागि आचार संहिता (Code of Conduct)................................................................४४
**सन्दर्भ सामग्री................................................................४६**

# १. विपद्को परिचय, विशेषता, प्रकार, कारण र प्रभाव

## १.१ परिचय

विपद् बाढी, पहिरो, आगलागी, हुरीबतास, महामारी, भूकम्प, चटयाङ्जस्ता विभिन्न प्रकोपका घटनाबाट उत्पन्न कठिन अवस्था हो। प्रकोपमा परेर मानिस मर्नु, घाइते हुनु, हराउनु, धनमाल, घरखेत, बाटोघाटो क्षतिग्रस्त भएर मानिसको जनजीवन अस्तव्यस्त हुनु र त्यस्तो अवस्थालाई सामान्य बनाउन सरकार तथा अरूको सहयोग आवश्यक पर्ने अवस्था उत्पन्न हुनु नै विपद् हो ।

छोटकरीमा "मानिस, प्राकृतिक वातावरणका अन्य जैविक तथा अजैविक तत्वले कुनैपनि कारणबाट अचानक उत्पन्न हुने हानिजन्य वा विपत्तिपूर्ण घटनालाई सहन गर्न सक्दैनन् र त्यस्तो घटनाबाट मानिस मर्दछन्, घाइते हुन्छन्, घरबारविहीन हुन्छन् तथा आर्थिक क्षति हुन्छ र त्यसबाट पार पाउन अरुको सहयोग आवश्यक पर्दछ भने त्यस्तो सङ्कटपूर्ण अवस्थालाई नै विपद् भनिन्छ ।"

## १.२ विपद्का विशेषताहरू

- विपद् अचानक (rapid onset)वा बिस्तारै (slow onset) उत्पन्न हुने विपत्तिपूर्ण घटना हो। तर खडेरी र मरूभूमीकरण अचानक उत्पन्न नभएर लामो समयपछि बिस्तारै उत्पन्न हुने घटना हुन्।
- विपद्ले मानिसको नियमित जीवनपद्दतिलाई असामान्य वा अस्तव्यस्त बनाउँदछ ।
- विपद्का कारण मानिस मर्दछन्, घाइते हुन्छन् र ठूलो मात्रामा धनसम्पत्ति वातावरण तथा पारिस्थितिकीय प्रणाली (eco system) मा हानिनोक्सानी हुन्छ ।
- विपद् उत्पन्न भएको अवस्थामा खाना, पानी, बसोबास, लुगाफाटो, औषधि स्वास्थ्य उपचार र सामाजिक सुरक्षाको खाँचो हुन्छ।
- विपद्को अवस्थामा, प्रभावित परिवार तथा समाजले क्षतिबाट पुगेको पीडाको सामना गर्न उनीहरुसँग भएका स्रोत, साधन र क्षमता अपर्याप्त हुन्छन् ।
- व्यक्ति वा समुदायलाई विपदबाट बच्न र त्यसबाट भएको क्षति र पीडाबाट मुक्ति पाउन तत्कालीन राहत, उद्धार र पुनर्स्थापनका लागि छरछिमेक, सरकार तथा अन्तरराष्ट्रिय सहयोगको समेत आवश्यकता पर्नसक्दछ ।

यसप्रकार विपद्लाई आकस्मिक घटनाले उत्पन्न गरेको परिस्थितिका रुपमा लिन सकिन्छ। यस्तो घटना मानवीय कारणबाट वा प्राकृतिक तत्वहरुबीच हुने विभिन्न हलचल र परिवर्तन

(phenomenon) का कारण हुन्छन।

### १. ३ विपद्का प्रकार

विपद् उत्पन्न हुने प्रकोपका घटना खासगरी दुई प्रकारका हुन्छन् ।

**सुस्त उत्थान हुने विपद् (slow onset disaster)**

ढिलो तथा सुस्त गतिमा विकसित भएर लामो समयमा प्रभाव देखा पार्ने विपद्लाई यस श्रेणीमा राख्न सकिन्छ।

- खडेरी,
- भोकमरी,
- मरूभूमीकरण र
- वातावरणीय क्षय र प्रदूषणबाट उत्पन्न हुने क्षतिकारक विनाशकारी अवस्था

**तीव्र उत्थान हुने विपद् (rapid onset disaster)**

**जलउत्पन्न विपद्:** प्रकृतिमा चल्ने विभिन्न प्रकारका चक्रमध्ये जलचक्र पनि एक हो। जलचक्रले नै पृथ्वीलाई जीवनयोग्य बनाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। तैपनि पानीकै कारण विश्वमा धेरै प्रकारका विपद्को उत्पत्ति हुने गरेको छ। जलचक्रका क्रममा उत्पन्न हुने घटनाबाट सिर्जित विपद्लाई जलउत्पन्न विपद् भनिन्छ। अतिवृष्टिका कारण आउने बाढी, पहिरो, हावाहुरी, डुवान, हिमपात, असिनापानी, हिमताल विष्फोट, प्रदूषित खानेपानीका कारण उत्पन्न महामारी, अम्लीय वर्षा आदि यस श्रेणीका विपद् हुन् ।

**भौगर्भिक विपद्:** भुकम्प लगायत पृथ्विको सतहमुनि हुने गतिविधिजन्य प्रकोपले निम्त्याउने विपदहरू भौगर्भिक विपद् हुन्। भुकम्प वाहेक ज्वालामुखि जस्ता प्रकोपको जोखिम नेपालमा न्यून छ।

**अग्निउत्पन्न विपद्:** जीवन निर्वाहका लागि अत्यावश्यक आगोको गलत प्रयोग भएमा आगलागी भएर जनधनको क्षति हुन्छ। यसरी गाउँघर र सहरबजारमा हुने क्षतिकारक आगलागी र मानवसंरक्षित वनमा लाग्ने डढेलो अग्निउत्पन्न विपद्का उदाहरण हुन्।

**खाद्यउत्पन्न विपद्:** दूषित खाना खानाले झाडापखाला लाग्दछ। खानाको अभावमा अनिकाल लागेर विशेषगरी बालबालिका, गर्भवती तथा सुत्केरी महिला र वृद्धवृद्धामा भोकमरी तथा कुपोषणको प्रभाव छिटो पर्दछ। विषादिजन्य घटनाहरू समेत यस कोटिमा पर्दछन्।

**जलवायुजन्य विपद्:** वायुमण्डलमा विभिन्न प्रकारका क्रिया-प्रतिक्रिया चलिरहँदा त्यसको सोझो प्रभाव पृथ्वीमा परिरहेको हुन्छ। सुर्यबाट पृथ्वीतर्फ आउने ऊर्जा, विकिरण र पृथ्वीबाट उत्पन्न हुने शक्ति, जलवाष्प अदिबीच हुने प्रतिक्रियाका कारण विभिन्न प्रकारका घटना भइरहन्छन् । हुरीबतास, समुद्री आँधी, भुँमरी, चटयाङ, शीतलहर, तातो हावा लु आदि जलवायुजन्य विपद्का उदाहरण हुन्।

**उद्योग एवम् प्रविधिजन्य विपद्:** वर्तमान विश्व औद्योगिक विकासको उच्चविन्दुमा पुगिसकेको छ। जीवननिर्वाहका अतिरिक्त विलासिताका साधनसमेत अत्याधुनिक प्रविधियुक्त उद्योगबाट उत्पादन भइरहेका छन्। आर्थिक विकासका लागि यस्ता उद्योगको स्थापनाले अझै तीव्रता पाइरहेको छ। यस्ता उद्योगमा जडान भएका यन्त्र दुर्घटना वा विद्युतीय गडबडी भएर तथा रसायन चुहिएर विपद्का घटना हुने गरेका छन्। त्यस्तै हवाइजहाज, पानीजहाज, रेल, बस, ट्रक आदिको दुर्घटनाबाट जनधनको क्षति हुने गरेको छ।

**मानवकृत विपद्:** मानिसकै प्रत्यक्ष कारणबाट उत्पन्न हुने विपद्जन्य घटनालाई मानवकृत विपद्का रुपमा लिन सकिन्छ। सामाजिक द्वन्द्व, युद्ध, भीडभाड तथा भागदौड आदि मानवकृत विपद् हुन्।

**जैविक विपद्:** जनसङ्ख्या वृद्धिका कारण वनमाथि मानिसको चाप तथा अतिक्रमण बढेको हुँदा वन्यजन्तुको बासस्थान सङ्कटासन्न बन्दै गएको छ। परिणामस्वरुप हात्ति, बाघ, भालु, चितुवा, स्याल जस्ता वन्यजन्तु गाउँमा पसेर मानिस र घरपालुवा जनावरमाथि आक्रमण गर्ने क्रम बढेको छ। त्यस्तै रोगका जीवाणु र कीरा बढेर मानिसले लगाएका खाद्यान्नबाली पनि नष्ट गर्दछन्। सलह, ढुसी, चिप्लेकीरा आदिले खेती गरिएको बाली नष्ट गर्नु र कुनै मांसाहारी जनावरले मानिस वा घरपालुवा जनावरमाथि आक्रमण गरेर क्षति गर्नु जैविक विपद्का उदाहरण हुन्।

## १.४ विपद् निम्तिने कारणहरु

नेपालमा हुने विपद्का कारणलाइ प्राकृतिक र मानवीय गरी २ वटा कारणलाई लिन सकिन्छ।

**प्राकृतिक कारण**

प्राकृतिक कारणहरु निम्नअनुसार रहेका छन्ः

**भौगोलिक कारणः** नेपालको हिमाली तथा पहाडी क्षेत्र विश्वकै सबैभन्दा कान्छो पर्वतशृङ्खला भएकाले यहाँको धरातल पुर्ण रुपमा स्थिर भइसकेको छैन। सामान्य वर्षा र प्राकृतिक कारणबाट पनि यहाँको कमजोर भूसतह खस्किने हुँदा भूक्षय तथा पहिरोको सम्भावना अत्यधिक रहेको छ।

**भौगर्भिक कारणः** नेपालको भुगर्भमा उत्तरी क्षेत्रमा रहेका तिब्बती प्लेटभित्र दक्षिणी क्षेत्रमा रहेका भारतीय टेक्टोनिक प्लेट निरन्तर घुस्दै गइरहेको भूगर्भविद्हरुको भनाइ छ। नेपालमा सय वर्षको अन्तरालमा विनाशकारी भुइँचालो जाने गरेको देखिन्छ।

**मनसुनी कारणः** दक्षिणतर्फ रहेको बङ्गालको खाडीबाट उठ्ने मनसुनी वायु उच्चहिमशृङ्खलामा गएर ठोक्किँदा त्यसभन्दा तल्लो क्षेत्रमा अत्यधिक वर्षा हुन्छ। परिणामस्वरूप यहाँको कमजोर भूसतहको माटो बगेर बाढी तथा पहिरोको विपद् तीव्र बन्दछ।

**वायुमण्डलीय कारणः** वायुमण्डलमा हुने क्रिया-प्रतिक्रियाका कारण असिना, चटयाङ, हुरीबतास, आँधीबेहरी, हिमपात, शीतलहर, अतिवृष्टि, खण्डवृष्टि, खडेरी बाट विपद् बढ्छ।

**मानवीय कारणः**

मानवीय कारणलाई निम्नअनुसार रहेका छन्ः

**अशिक्षाः** शिक्षित मानिसमा समेत विपद्सम्बन्धी चेतना र ज्ञानको अभाव रहेको छ। शिक्षित मानिसमा समेत विपद् दैवी कारणले भएको भाग्यको खेल हो भन्ने भ्रम रहेको पाइन्छ जसका कारण यसको जोखिम कम गर्ने काम नै हुन सकेको छैन ।

**गरिबीः** गरिबीका कारण व्यक्ति, परिवार तथा समुदायले विपद्को सामना गर्नसक्ने क्षमता ज्यादै न्यून हुन्छ। त्यसैगरी, यी वर्ग नै विपद्को बढी जोखिम रहेको स्थानमा बसोबास गर्न बाध्य हुन्छन्। विपद् जोखिम न्यूनीकरण तथा नियन्त्रणका कार्य र प्रविधिमा उनीहरुको पहुँच स्थापित हुन सकेको छैन। त्यसैले गरिबीलाई विपद्को प्रमुख कारण मान्न सकिन्छ ।

**अवैज्ञानिक भू-उपयोगः** नेपालको हिमाल तथा पर्वतीय क्षेत्रको भू-सतह आफैँमा ज्यादै कमजोर छ। त्यसमाथि, अवैज्ञानिक खेतीप्रणाली अपनाइनाले यसबाट भूक्षयको सम्भावना झन् बढेको पाइन्छ। भिरालो जमिनमा गह्रा नबनाइ सोझै खनजोत गरेर खेती गर्ने अवैज्ञानिक खेती प्रणालिका कारण भू-क्षय, पहिरो, मरूभूमीकरण लगायतका समस्या थपिँदै गएका छन्।

**वन विनाश तथा खोरिया खेतीः** बढ्दो जनसङ्ख्याका लागि साधनस्रोत जुटाउनकै लागि अनियन्त्रित रुपमा वनफँडानी गरेर प्राकृतिक प्रणालीमाथि दबाब दिने कार्य तीव्ररुपमा चलिरहेको छ। यस्ता कारणले प्राकृतिक वातावरण र जैविक विविधतामाथि मात्र प्रभाव पारेको छैन, भूक्षय र पहिरोले मानवजीवनका हरेक पक्षमा विपद् जोखिम बढाउँदै लगेको छ।

**अनियोजित निर्माणः** विकासनिर्माण मानवीय आवश्यकता मात्र नभएर सभ्यताअनुसार अगाडि बढ्ने निरन्तर प्रक्रिया हो। तर, विपद्को सम्भावनालाई ध्यानै नदिई बनाइएका सडक, पुल, विद्युत् आयोजना, सिँचाइ नहर, आवासीय भवन आदिले विपद्को जोखिम बढाएका छन्। विपद्को सामना गर्ने क्षमतायुक्त संरचना निर्माणका लागि योजनाबद्ध कार्य नभएभतहअकाले नेपालमा जनधनको अत्यधिक क्षति हुने गरेको छ।

**औद्योगिक विकासः** औद्योगिक विकास विपद् विस्तारमा सहयोग गर्ने अर्को मानवीय कारण हो। मानिसलाई ठूलो परिमाणमा आवश्यक हुने वस्तुको उत्पादन गर्नेदेखि रासायनिक वस्तु, र ऊर्जा उत्पादन गर्ने उद्योगमा हुने दुर्घटना विश्वव्यापी चिन्ताको विषय बनिसकेको छ।

**सामाजिक द्वन्द्व तथा युद्धः** मानवसभ्यतासँगै प्रारम्भ भएको सामाजिक द्वन्द्वले विपद्को भयावह अवस्था सिर्जना गरेको छ। सामाजिक द्वन्द्व तथा युद्धद्वारा विश्वमा सबैभन्दा ठूलो विपद्को प्रारम्भ भएको छ। सामाजिक, धार्मिक, राजनीतिक र जातीय द्वन्द्वका कारण मानिसहरु गम्भीर समस्याहरुको सामना गर्नुपरेको छ। जस्तै २०४४ मा भएको दशरथ रंगशालाको दुर्घटना, भारतको महाकुम्भ मेलामा भागदौडमा भएको मानवीय क्षति र माओवादी जनयुद्ध आदि।

**सरसफाइको अभावः** बढ्दो जनसङ्ख्या, सहरीकरण, स्वास्थ्य शिक्षाको अभाव, दूषित खाना तथा पानी, कुपोषण, अप्राकृतिक यौनजन्य क्रियाकलाप, सरसफाइको अभावजस्ता कारणले पृथ्वीमा हरेक दिन नयाँ रोगको जन्म हुन थालेको छ ।

**वातावरण प्रदूषणः** मानवीय कारणबाट नै वातावरण प्रदूषण व्यापक बन्दै गएको छ। वन जङ्गलको विनास र अव्यवस्थित शहरिकरणले प्राकृतिक र पारिस्थितिकीय प्रणाली फेरिँदै गएको छ। कीटनासक औषधिजस्ता प्रदूषकको उत्पादन र प्रयोगले वातावरणमा नकारात्मक प्रभाव परिरहेको छ। जस्तैः बिषादी हालेको फलफुल तरकारी आदिको सेवनले निम्ताएको रोगहरू, पशुपन्छीमा देखिएका नयाँ नयाँ रोगहरु।

## १.५ विपद्को सबैभन्दा बढी प्रभाव पर्ने वर्ग तथा समुदाय

घरखेत नभएका र गरिबीका कारण नदीकिनार, भीरपाखाजस्ता खतरायुक्त स्थानमा बसोबास गर्न बाध्य परिवार वा समुदाय।

- आयआर्जनका वैकल्पिक उपाय नभएका गरीब समुदाय।
- विकासको मूल प्रवाहमा नसमेटिएका उत्पीडित, दलित, जनजाति तथा अधिकारबाट वञ्चित समुदाय।
- शिक्षाको पहुँच नभएका वा शिक्षा आर्जन गर्न असमर्थ समुदाय।
- महिला, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, अशक्त, दीर्घरोगीहरु।
- आर्थिक, सामाजिक र साँस्कृतिक कारणले असुरक्षित स्थानमा बसोबास गर्न बाध्य वा सुरक्षित आवास घर बनाउन नसक्ने समुदाय ।

## १.६ विपद्बाट हुने आर्थिक क्षति

**सञ्चित धनको क्षति-** खाद्यान्न, लुगाफाटो, गरगहना आदि।

**भौतिक संरचनाको क्षति-** घर, गोठ, घरायसी खानेपानी, घरायसी ऊर्जाका वस्तु आदि।

**भूमिको क्षति-** खेत, बारी, माछापोखरी आदि।

**खेतमा लगाइएको बालीको क्षति-** खेतबारीका अन्नबाली, तरकारी, बागबगैंचा आदि।

**पशुधनको क्षति-** गाई, भैंसी, गोरू, बाख्रा, कुखुरा आदि।

**सार्वजनिक सम्पत्तिको क्षति-** सार्वजनिक विद्यालय, पुस्तकालय, सरकारी कार्यालय, सडक, पुल, खानेपानी, विद्युत् उत्पादन तथा वितरण प्रणाली आदि ।

**मानव सुरक्षामा असर -** विपद्जन्य घटनाले व्यक्ति परिवार तथा समुदायमा विघटन पैदा गर्ने गर्दछ र रोजगार व्यवशाय तथा सामाजिक पूँजिको क्षयिकरण हुने गर्दछ। जसको परिणाम स्वरूप रोजगार व्यवशाय तथा सामाजिकिकरणको अन्तरसम्बन्धमा समेत असर पार्दछ। सामाजिक र सांस्कृतिक गतिविधिहरू जस्तै विवाह व्रतवन्ध रीति रीवाज चाड पर्वहरू समेत अस्तव्यस्त भई सामाजिक पूँजि क्षय हुने गर्दछ। आम्दानिको श्रोतहरू घटने वा नहुने, वसाई सर्नुपर्ने र आफ्नो पारम्परिक समुदाय र समाजबाट टाँढा भई मानव सुरक्षाको अभाव व्यहोर्नु पर्ने हुन्छ।

**दीर्घकालीन प्रभावः** विपद्बाट मानवजीवनमा तत्कालीन प्रभाव मात्र पर्दैन, यसले त्यस वरपरको निकै ठूलो भौगोलिक क्षेत्रमा दीर्घकालीन असर पार्दछ। कतिपय विपद्को प्रभाव त विश्वव्यापी नै हुनसक्दछ।

वि.सं. २०७६ बाट फैलिएको कोभिडको महामारीले विश्वव्यापी रुपमा मानिसको दैनिकी नै ठप्प पारेर हजारौं मानिसको ज्यान लिनुका साथै मानवीय, सामाजिक, आर्थिक लगायतका सबै क्षेत्रमा अत्यधिक प्रभाव पार्नुका साथै विश्वकै अर्थतन्त्रमा नकारात्मक असर पारेको छ।

**मानसिक प्रभावः** विपद्का कारण आफन्त, घरबार, धनसम्पत्ति गुमाएको व्यक्तिमा दीर्घकालसम्म मनोवैज्ञानिक असर पर्दछ। कुनै व्यक्ति शारीरिक वा मानसिकरुपमा अशक्त भएर अनुत्पादक जीवन बिताउन विवश हुन्छ। मानसिक रुपमा तन्दुरूस्त भए पनि शारीरिक कारणले वा शारीरिक तन्दुरूस्ती भए पनि मानसिक अशक्तताले निस्क्रिय जीवन बिताउन बाध्य मानिसमा हीनताबोध उत्पन्न हुनसक्दछ। त्यसको प्रभाव परिवारका अन्य सदस्यमा समेत पर्दछ।

## २. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रयोग हुने केही शब्दावलीहरु

**प्रकोप (Hazard)**: विपद् ल्याउन सक्ने कुनैपनि घटना जस्तै बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ प्रकोप हुन्।

**विपद् (Disaster)**: प्रकोपका घटनाबाट जनधनको क्षति भएको अवस्था । मानिस मर्ने, हराउने, घाइते हुने, घरपालुवा पशु मर्ने र खेतबारी नष्ट भएर मानिस विस्थापित भएर अर्काको सहयोग लिनुपर्ने स्थिति उत्पन्न हुनु नै विपद् हो ।

**जोखिम (Risk)**: प्रकोपका घटनाबाट क्षति हुने सम्भावना रहेको अवस्था वा हानीनोक्सानी हुने सम्भावना । नदी किनारमा रहेको बस्ती बाढीको धेरै जोखिममा रहेको हुन्छ । धेरै भिरालो पाखोमा भएको घर वा त्यसभन्दा तल भएको घर वा बस्ती पहिरोको जोखिममा रहेको हुन्छ ।

**सङ्कटासन्न (Vulnerable)**: आपत्कालीन अवस्था उत्पन्न हुने सम्भावना भएको वा अत्यधिक जोखिममा रहेको वा विपत्तितर्फ उन्मुख भएको अवस्था। पहिरो जान लागेको ठाउँको छेउको घर वा बस्ती तथा बाढी आउने समयमा खोला किनारमा भएको घर वा बस्ती।

**न्यूनीकरण (Reduction)**: प्रकोपको घटनाबाट हुन सक्ने क्षति कम गर्न वा प्रकोपको घटना भएर विपद् आउनु अघि त्यसको सामना गर्न गरिने तयारी । पूर्वतयारी, पूर्वसूचना प्रणालीको स्थापनाजस्ता कार्यबाट प्रकोपको जोखिम न्यून गर्ने काम।

**अल्पीकरण (Mitigation)**: विपद्बाट हुन सक्ने क्षति कम गर्न गरिने कार्य। खोलाको किनारमा तटबन्ध लगाउने, तारजाली लगाउनेजस्ता काम, पहिरो जान लागेको ठाउँमा टेवा पर्खाल लगाएर पहिरो नियन्त्रण गर्ने काम जसले पहिरो जानबाट नियन्त्रण गर्छ। विकासका काममा जोखिम कम गर्ने विधि अपनाएर क्षति हुने सम्भावनालाई कम गर्ने काम।

**क्षमता (Capacity)**: विपद्को सामना गर्ने स्रोत, साधन, ज्ञान, सीप आदि भएको अवस्था। प्रकोप हुने सम्भावना छ भने प्रकोपको घटना हुनु पहिले गरिएको पूर्वतयारी। आपत्कालमा चाहिने सामानको जोहो गरिएको अवस्था। पूर्वतयारी गरेर विपद्को सामना गर्ने क्षमता बढाउन सकिन्छ।

**प्रवलीकरण (Retrofitting)**: बलियो बनाउने काम। पुरानो घर, गोठको मर्मतसम्भार वा बाटो, पुल, विद्यालयजस्ता संरचनालाई विशेष प्रविधिद्वारा मर्मतसम्भार गरी प्रकोपका घटनाबाट क्षति नहुने स्तरमा विकास गर्ने कार्य।

**भवन निर्माण संहिता (Building code)**: नेपाल सरकारबाट जारी भइ भवन निर्माणका लागि लागू भएको मापदण्ड। साधारण भूकम्पबाट घर, कार्यालय भवन, विद्यालय भवन नभत्किउन भन्ने उद्देश्यले सरकारले तयार गरेको घर वा भवन बनाउने मापदण्ड।

**आपतकाल (Emergency)**: प्रकोपका कारण जनधनको क्षति वा नोक्सान भएर उत्पन्न भएको विपत्तिको अवस्था। यस्तो अवस्थामा घर, छरछिमेकले मात्र समस्याको समाधान गर्न कठिन हुन्छ

र सरकार वा गैरसरकारी निकायको सहयोगको आवश्यकता पर्छ।

**पूर्वानुमान (Forecast):** कुनै पनि विषयमा पहिले नै गरिने अनुमान। जल तथा मौषम विज्ञान विभागले वर्षा र त्यसपछि आउने बाढीको अनुमान गरेर विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने गर्दछ।

**पूर्व सूचना (Early Warning):** कुनै पनि घटना हुने सम्भावना भएमा त्यस्तो घटनाबाट प्रभावित हुन सक्ने समुदायलाई पहिले नै जानकारी दिने कार्य। पूर्वसूचना प्रणालीको विकासले विपद्को सामना गर्न सक्ने तत्कालको तयारी गर्न सहयोग गर्छ।

**पूर्वतयारी (Preparedness):** प्रकोपका घटनाबाट हुने क्षति कम गराउन, विपद्को अवस्थामा सुरक्षित स्थानान्तरण गर्न, मानवीय तथा आर्थिक क्षति कम गर्न र आपत्कालीन अवस्थामा व्यवस्थित र प्रभावकारी प्रतिकार्य गर्न विपद् हुनु पहिले नै गरिने कार्यलाई पूर्वतयारी भनिन्छ।

**'पूर्वानुमानित कार्य' (Anticipatory Action):** कुनै सम्भावित घटना वा संकटको अनुमान गरी त्यसका प्रभावलाई न्यून गर्न, रोक्न वा व्यवस्थापन गर्न घटना घट्नु अघि नै गरिने तयारी, योजना, र क्रियाकलापहरुलाई जनाउँछ। यसको प्रमुख उद्देश्य विपद् आउनु अघि नै क्षति कम गर्ने उपायहरु अपनाएर प्रभावित समुदायको जीवन, जीविकोपार्जन, र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नु हो। उदाहरणको लागि बाढीको पूर्वानुमान गरिसकेपछि उच्च जोखिम भएका क्षेत्रबाट मानिसहरुलाई सुरक्षित स्थानमा सारेर उनिहरुको जीवन, जीविकोपार्जन, र सम्पत्तिको सुरक्षा गर्नु।

**प्रतिकार्य (Response):** विपद्को सङ्कटकालीन अवस्थामा गरिने उद्धार, राहत तथा मानवीय सेवाको कार्य। प्रकोपमा परेका मानिस वा छिमेकीलाई त्यसबाट निकाल्ने काम, घरबारविहीन भएकालाई अश्रयस्थलमा राख्ने र तिनको जीविकोपार्जनको लागि गरिने सहयोगको काम।

**सामना (Cope):** कुनै पनि घटनाको प्रतिकार गर्नु तथा विपदबाट पर्ने समस्या समाधान गर्ने क्षमता वा शक्ति हुनु, बाढी आएमा खोलामा पौडी खेलेर बाहिर निस्कने क्षमता बाढीको सामना हो।

**घुँडा टेकी गुँडुल्क, ओत लागी समात (Duck, Cover and Hold):** विशेषगरी भूकम्प गएको समयमा सुरक्षित रहनको लागि बस्ने तरिका, पहिरो गएको समयमा पनि यो विधिबाट संवेदनशील अङ्ग बचाउन सकिन्छ।

**झटपट झोलेला (Go Bag):** प्रकोपको घटना भइहालेमा आफ्नो तथा परिवार र सकेसम्म छरछिमेकको सहयोगको लागि औजार, औषधि, हलुका खाद्यान्न आदि राखिएको त्यस्तो झोला जसलाई सजिलै भेटिने ठाउँमा राखिएको हुन्छ र प्रकोपको घटना भएको अवस्थामा बोकेर हिंड्न सकिन्छ।

**पराकम्प (After shocks):** भूकम्पको ठूलो धक्का गइसके पछि फेरि जाने सा-साना धक्का वा झड्का ठूलो भूकम्प गइसकेपछि केही समयपछि वा फेरि आउने स-साना कम्पन आदि ।

**मौसम परिवर्तन (Weather Change):** वातावरणमा छोटो समयमा हुने परिवर्तन। एक घण्टा,

दिन, महिना र वर्षरिमा वातावरणमा हुने परिवर्तन।

**जलवायु परिवर्तन (Climate Change):** समग्र वातावरणमा लामो समयमा देखा परेको जल, वायु, वर्षा र आद्रतामा भएको परिवर्तन। विगतमा गरेका वा भोगेका प्राकृतिक घटनाक्रममा एकाएक परिवर्तन भएर जनजीवनमा प्रभाव पर्ने अवस्था उत्पन्न हुनु।

**हरितगृह ग्यास (Greenhouse Gas):** पृथ्वीको तापमानलाई बढाउन मद्दत गर्ने वातावरणमा रहेका ग्यासहरुलाई जनाउँछ। यी ग्यासहरुले सूर्यको तापलाई पृथ्वीको सतहबाट फर्केर जानबाट रोक्छन् र वातावरणलाई उष्ण बनाउँछन् । यो प्रक्रिया हरितगृह प्रभाव (Greenhouse Effect) को रुपमा चिनिन्छ। सुर्यबाट आवर्तित तापलाई परावर्तन भएर अन्तरिक्षतर्फ जानबाट रोक्ने वायुमण्डलीय तत्व ।

**अनुकूलन (Adaptation):** परिवर्तित वातावरण र अवस्था अनुरूप जीवन सञ्चालन गर्ने क्षमताको विकास । अर्थात 'जलवायु परिवर्तनका नकारात्मक असरहरुसँग घुलमिल हुनसक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरू ।'

# ३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

विपद्को जोखिम रहेको क्षेत्रमा बसोबास गर्ने समुदाय र भौतिक संरचनाको रक्षाका लागि रोकथाम, अल्पिकरण, अनुकुलन, न्यूनीकरण, पूर्वतयारी, राहत, उद्धार, पुःस्थापना, पुनर्निर्माणजस्ता कार्यलाई व्यवस्थित गर्ने प्रक्रियालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन भनिन्छ।


यस्तो कार्यलाई व्यवस्थित बनाउन तयार हुने योजनालाई नै विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन योजना भनिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका आधारभूत कार्यहरु

- सामाजिक तथा आर्थिक संरचनाको विश्लेषण
- सङ्कटासन्नता र जोखिम विश्लेषण
- विपद् जोखिम न्यूनीकरण योजना
- आपत्कालीन पूर्वतयारी, सरोकारवालासँग समन्वय
- प्रकोपका समयमा गर्ने कार्यको प्रारूप
- प्रकोपपछिको व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लक्ष्य

- विपद् जोखिमको रोकथाम, अल्पीकरण, अनुकुलन तथा सम्भावित क्षति न्यूनीकरण
- विपद् प्रभावितहरुको तत्काल उद्धार, राहत र सहयोगको सुनिश्चितता गर्नु
- विपद् प्रभावितहरुको मानवअधिकारको प्रत्याभूति
- व्यवस्थित पुनःस्थापन तथा पुनर्निर्माण कार्य



## ४. नेपालमा विपद्को अवस्था

नेपाल भौगोलिक रुपमा एक पहाडी देश हो जसको अधिकांश भूभाग पहाड, हिमाल, र चुरे क्षेत्रमा फैलिएको छ। यही भौगोलिक विविधता, कमजोर भौतिक पूर्वाधार, जनघनत्व, गरिबी, र जलवायु परिवर्तनका कारण नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको देशहरुमध्ये पर्दछ। अन्तर्राष्ट्रिय र राष्ट्रिय अध्ययनहरुले पुष्टि गरेअनुसार नेपाल प्राकृतिक विपद्का घटनाबाट अत्यधिक प्रभावित मुलुकमध्ये एक हो, जहाँ बाढी, पहिरो, भूकम्प, चट्याङ, आगलागी, हिमताल फुट्ने (GLOF), महामारी, र डुबानजस्ता विविध प्रकारका विपद्का घटना नियमितरुपमा घट्ने गरेका छन्।

**विपद् सम्बन्धि केही प्रमुख तथ्यांकहरु:**

नेपाल सरकार गृह मन्त्रालयको विपद् सम्बन्धी तथ्याङ्क अभिलेख गर्ने प्रणालि DRR Portal[1] का अनुसार प्रत्येक वर्ष नेपालमा औसत ५०० भन्दा बढी विपद्का घटनाहरु घट्छन् जसका कारण करिब ९०० जनाले ज्यान गुमाउने गर्छन् भने वार्षिक रुपमा करिब ६ लाख चालिस हजार व्यक्ति प्रत्यक्ष वा परोक्ष रुपमा विपद् प्रभावित हुन्छन्। यसैगरी विपद्का कारण प्रत्येक वर्ष करिब ३० हजार घरहरु पूर्ण रुपमा क्षतिग्रस्त हुने गर्छन्।

विश्वब्यापी रुपमा हेर्दा नेपाल समग्र विपद् जोखिमको २०औं स्थानमा, भूकम्पीय जोखिमको ११औं स्थानमा, बाढी र पहिरोको जोखिमको ३०औं स्थानमा, चट्याङ्गको जोखिममा ५औं स्थानमा र जलवायु परिवर्तनको प्रभावका हिसाबले १०औं स्थानमा रहेको छ।

जलवायु परिवर्तनले गर्दा तापक्रम वृद्धि भएकाले हिमताल फुटेर बाढीको जोखिम हुने सम्भावना ४० प्रतिशतले बढाएको छ भने हिउँको सञ्चिति २४ देखि २९ प्रतिशतले घटेको छ जसका कारण पानीको उपलब्धतामा प्रभाव पारेको छ र मौसममा आएको अस्थिरताले कृषि र जलस्रोत व्यवस्थापनमा चुनौती थपेको छ। यसैगरी शहरी र ग्रामीण क्षेत्रमा आगलागीका घटनाहरु बढिरहेका छन् भने कोभिड-१९ जस्ता महामारीहरुले जनस्वास्थ्य प्रणालीमा चुनौती खडा गरेको छ।

यी तथ्यहरुले स्पष्ट देखाउँछन् कि नेपालमा विपद् जोखिम व्यवस्थापन केवल भौगोलिक वा संरचनागत चुनौती होइन, यो समग्र सामाजिक, आर्थिक, पर्यावरणीय, र संस्थागत सवाल हो। यसैले दीगो र समावेशी विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य प्रणाली निर्माणमा एकीकृत प्रयास अपरिहार्य छ।

---

1 DRR Portal, Ministry of Home Affiar, Nepal

## ५. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

विपद्ले सँधै कुनै निश्चित बस्ती वा समुदायलाई प्रभावित गर्छ । त्यसैले समुदायहरुले आफ्ना बहुआयामिक जोखिमहरु बुझ्न आवश्यक छ र विद्यमान तथा नयाँ उत्पन्न भइरहेका जोखिमयुक्त परिस्थितिहरुको सामना गर्न उपयुक्त रूपमा कार्य गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ । गाउँघर समुदायमा हुने प्रकोपका घटनाबाट उत्पन्न हुने विपद्को सामना गर्न त्यही समुदायका मानिसले विपद्को प्रतिकार वा रोकथाम गर्नुपर्ने हुन्छ । आफ्ना समुदायमा हुने विपद्को सामना गर्ने क्षमता अभिवृद्धि गरी समुदायका सदस्यहरूले आफैँ सुरक्षित हुने उपाय अवलम्बन गर्नुलाई नै सामुदायिक विपद् जोखिम व्यवस्थापन भनिन्छ। गाउँमा भएका समस्या समाधानमा गाउँलेकै सहभागिता रहनु यसको प्रमुख उद्देश्य वा लक्ष्य हो ।

समुदायमा आइरहने प्रमुख प्रकोपहरुबाट हुने क्षति न्यून गर्न र उत्थानशील समुदायका विशेषताहरु हासिल गर्न गरिने कार्य नै समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन हो । यस कार्यमा समुदायका सबै वर्ग, जातजाति, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिसहित सम्पूर्ण समुदायको प्रत्यक्ष सहभागिता र सहमति महत्वपूर्ण हुन्छ।

यस प्रक्रियामा समुदायले आफ्ना गाउँघरमा हुने प्रकोपका घटनाहरुको पहिचान गर्छन, ती प्रकोपको कारण पत्ता लगाउँछन, र प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्को प्रभावको आँकलन गर्छन । यसका साथै सबैभन्दा बढी जोखिममा रहेका घरपरिवार, व्यक्ति, धनसम्पत्ति लगायतका कुराहरुको पहिचान गरिन्छ ।

समस्या पत्ता लगाएपछि, सकेसम्म आफ्नै गाउँठाउँमा उपलब्ध स्रोत र साधनहरुको उपयोग गरी जोखिम कम गर्ने, विपद्को प्रभाव न्यून गर्ने, र गाउँलाई सुरक्षित बनाउने उपायहरु तयार पारिन्छन् र कार्यान्वयन गरिन्छ। यस्तो कार्यले समुदायलाई विपद्बाट सुरक्षित र उत्थानशील बनाउन महत्वपूर्ण भूमिका खेल्छ ।

### ५. १ समुदायमा आधारित विपद् व्यवस्थापन प्रक्रिया

समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनको कार्य गर्दा निम्न प्रक्रियाहरु अपनाइन्छन् :

**प्रकोपको पहिचान:** समुदायमा के कस्ता प्रकोपका घटना हुने गरेका छन् र ती घटनाबाट कस्तो विपद् पर्ने गरेको छ भनेर पत्ता लगाउनु पर्छ। जस्तै प्राकृतिक कारणबाट हुने बाढी, पहिरो, हुरीबतास, भुइँचालो वा अन्य कुन प्रकोप आइरहन्छन्। यस्ता घटनामध्ये समुदायलाई सबैभन्दा बढी क्षति पुऱ्याउने विपद्का घटनाको पहिचान गर्नु पर्छ।

**विपद् नक्साङ्कन:** गाउँघरमा प्रकोपका कारण उत्पन्न हुने विपद्को प्रभाव कुन कुन भौगोलिक क्षेत्रमा पर्छ भन्ने जानकारी हुनु पर्छ। घरको नजिकै खोलो, खोल्सो छ भने बाढीबाट कटान भएर घरबार क्षति हुने सम्भावना हुन्छ। त्यसैगरी ज्यादै भिरालो ठाउँमा वा ठाडो पहाडको बीचमा वा फेदीमा घर छ भने पहिरो जानसक्ने सम्भावना आदि के कस्ता सम्भावना हुन सक्छन् त्यसको नक्सा बनाउनु राम्रो हुन्छ ।

**विपद्को प्रभाव विश्लेषण:** गाउँघर समुदायमा आउने विपद्का घटनाबाट के कस्तो प्रभाव पर्छ भनेर अनुमान गर्नु पर्छ ।

कुन मात्राको बाढी आएमा कति क्षति हुन सक्छ, यसभन्दा पहिले कुन मात्राको बाढी आएको थियो, त्यसैगरी भूकम्प, पहिरो, महामारी, मानव तथा बन्यजन्तुबीचको द्वन्द्व जस्ता विपद् भएमा के-कति नोक्सान हुन सक्छ भनेर अनुमान गर्नु पर्छ र त्यस्तो क्षति किन हुन्छ भनेर विश्लेषण गर्नुपर्छ । यसबाट के काम गर्दा त्यस्तो क्षति घटाउन सकिन्छ भनेर छलफल गर्नु पर्छ ।

**क्षति न्यूनीकरण योजना:** विपद्बाट पर्नसक्ने क्षतिको विश्लेषण गरेर अब के गर्नु पर्छ भनेर छलफल गर्नु पर्छ । के-कस्ता पूर्वतयारी गर्ने ? क्षति कमगर्ने उपाय के-के हुन सक्छन् ? ती विषयमा सविस्तार छलफल गरी योजना तयार गर्नु पर्छ ।

**योजना कार्यान्वयन:** माथि उल्लेख भएका विधिबाट तयार भएको समुदायमा आधारित विपद् व्यवस्थापन योजनाको कार्यान्वयन कसरी र कसले गर्ने ? भन्ने निर्क्योल गर्नु पर्छ ।

# ६. समुदायमा आधारित विपद् पूर्वतयारी र प्रतिकार्य

## ६.१ विपद् पूर्वतयारी

विपद्का कारण हुने क्षति कम गर्न हुनसक्ने सम्भावित क्षतिको अनुमानका आधारमा गरिने जोखिम न्यूनीकरण तथा विपद् परिहालेमा गर्नु पर्ने कार्यका लागि गरिने तयारीलाई विपद् पूर्वतयारी भनिन्छ। विपद् पूर्वतयारीको उद्देश्यहरु निम्नानुसार छन्ः

- जोखिम न्यूनीकरणका लागि सामुदायिक सङ्गठन निर्माण, क्षमता अभिवृद्धि गर्ने, न्यूनीकरणका कार्य र पूर्वसूचना प्रणाली तथा अन्य संरचनामा सुधार गर्ने
- उद्धार, राहत र प्रकोप प्रभावितहरुको अधिकार रक्षाका लागि आपतकालीन योजना बनाउने र सहयोगका आधार सुनिश्चित गर्ने,
- महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका सदस्यको सुरक्षामा विशेष ध्यान दिने।

**विपद् पूर्वतयारीका लागि सञ्चालन गर्नुपर्ने गतिविधिहरु-**

विपद् पूर्वतयारीका लागि गर्नुपर्ने कार्यका केही उदाहरण निम्नअनुसार छन्। समय, स्थान र विपद्को प्रकृति हेरी पूर्वतयारीका कार्य गर्नुपर्छ।

| | |
|---|---|
| १.जनचेतना अभिवृद्धि | २. सहभागितात्मक सामुदायिक सङ्कटासन्नता तथा जोखिम विश्लेषण |
| ३. जोखिम न्यूनीकरण | ४. क्षमता अभिवृद्धि |
| ५. आपत्कालीन योजना | ६. आपत्कालीन वस्तुको व्यवस्थापन/जोहो |
| ७. पूर्वसूचना प्रणालीको विकास | ८. सुरक्षित स्थानको पहिचान र आपत्कालीन आवास |

## ६.२ विपद् प्रतिकार्य

विपद्को समयमा प्रभावितहरुलाई आपत्कालीन उद्धार गर्नु, हराएका मानिस वा घरपालुवा पशुको खोजी गर्नु, घाइतेको प्राथमिक उपचार गर्नु, गम्भीर घाइतेलाई उपचारको लागी स्वास्थ्य चौकी वा अस्पताल पुऱ्याउनु र विस्थापितलाई अस्थायी आश्रयस्थलमा राखी राहत उपलब्ध गराउनुजस्ता कार्यलाई प्रतिकार्य भनिन्छ। विपद् प्रतिकार्यको उद्देश्य निम्नानुसार रहेका छन्ः

- विपद्बाट हुने जनधनको क्षतिलाई कम गर्नु,
- मानिसको जीवन र महत्वपूर्ण सम्पत्ति र कागजातको संरक्षण गर्नु,
- घाइतेको प्राथमिक उपचार गर्नु, र धेरै घाइते भएका मानिसलाई अस्पताल पुऱ्याउने व्यवस्था मिलाउनु,
- महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका सदस्यको उद्धार र राहतमा विशेष ध्यान दिनु।

- आफ्नो वरिपरिको वातावरण र जोखिमको निगरानी गरिराख्नु,

**विपद् परेको समयमा गर्नुपर्ने कार्यहरु**

विपद्को समयमा निम्न कार्य गर्नु पर्छः

| विपद्को समयमा गर्नुपर्ने कार्यहरु | विपद् पश्चात तत्काल गर्नुपर्ने कार्यहरु | अपनाउनुपर्ने प्रक्रिया |
|---|---|---|
| आवास क्षेत्र खाली गर्ने तथा सुरक्षित स्थानतर्फ जाने | पुल-पुलेसा र खोलामा भएका पुल, कलर्भट र सुरक्षित स्थानतर्फ जाने बाटो अग्लो बनाउने प्रबन्ध। | अशक्त, महिला, बालबालिका, जेष्ठ नागरिकलाई प्राथमिकता दिएर सघाउने<br>सूचना प्रवाह गर्ने,<br>स्वयंसेवक परिचालन |
| खोज उद्धार, राहत | उत्तरदायित्व र जवाफदेहिताको बोधको विकास ।<br>अशक्त, महिला, बालबालिका, जेष्ठ नागरिकको उद्धारमा प्राथमिकता । | स्वयंसेवक परिचालन<br>सुरक्षा निकायमा सम्पर्क र जानकारी<br>राहत वितरण, प्राथमिक उपचार<br>आपत्कालीन बसोबास व्यवस्थापन तथा सरसफाइ,<br>प्रभावितहरुको अधिकारको रक्षा<br>स्रोत सङ्कलन तथा परिचालन |
| सहयोगको निरन्तरता तथा जवाफदेहिता | विपद् प्रभावितको अधिकारको प्रत्याभूति सहयोगी संस्था तथा सरोकारवालासँग समन्वय | राहत तथा सहयोगको निरन्तरताका लागि स्रोत सङ्कलन स्वयंसेवक परिचालन । |
| पुनर्स्थापना तथा पुनर्निर्माण | व्यक्तिगत तथा सामुदायिक क्षतिको आँकलन पुनःनिर्माण तथा पुनःस्थापनका कार्य | सरकारी निकाय/गैरसरकारी संस्था, समुदाय र विपद् प्रभावितहरूबीच समन्वय, सहयोग र सद्भावको विकास गरी आवश्यक पर्ने कार्यहरु गर्ने । |
| समन्वय र सहकार्य | अपासी छलफलका लागि निरन्तर भेटघाट तथा बैठकको आयोजना | विपद् व्यवस्थापनका सम्पूर्ण कार्यमा स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सरोकार संस्थासँग समन्वय र सहकार्य गरी कार्य गर्ने संयन्त्रको विकास ।<br>सामुदायिक आपत्कालीन योजना तयार गरी समुदायलाई समेत परिचालन गर्ने । |

## ७. विपद् व्यवस्थापनमा परम्परागत अभ्यास र उत्थानशील समुदायको विकासका लागि सहकार्य

सभ्याताको विकाससँगै मानिसले विपद्को सामना गर्दै आएको छ । हामीले मात्र होइन हाम्रा पुर्खाले पनि विपद्का घटना भोगेका थिए र त्यसबाट बच्ने उपायहरु अपनाउँदै आएका थिए भन्ने यथार्थलाई हामीले बिर्सन हुँदैन । वर्षा, बाढी, पहिरो, खडेरी, हुरीबतास, आगलागी, भूकम्पजस्ता घटना पृथ्वीको उत्पत्तिकालदेखि नै हुँदै आएका छन् । त्यस्ता घटनाबाट उत्पन्न हुने पीडा वा विपद्को सामना गर्न हाम्रा पुर्खाले विभिन्न विधि र तरिका पक्कै अपनाएका थिए । ती विधि, ज्ञान, सीप र प्रविधिलाई नै विपद् व्यवस्थापनका लागि परम्परागत अभ्यास र क्षमताको रुपमा लिनु पर्छ । स्थानीय स्रोत, परम्परागत ज्ञान, सीप र प्रविधिको प्रयोगबाट विपद् जोखिम व्यवस्थापन प्रक्रियामा स्थानीयतालाइ मध्यनजर गर्दै अगाडी बढाउनु पर्दछ ।

### ७.१ परम्परागत ज्ञान, सीप र प्रविधि

कुनै पनि कार्यका लागि हाम्रा अग्रज वा पूर्वजहरुले अपनाउँदै आएका विधि, ज्ञान, सीप र प्रविधिलाई परम्परागत ज्ञान र अभ्यास भनिन्छ। विपद्को सामना गर्न, विपद्का घटनालाई रोक्न वा त्यसबाट हुने क्षति कम गर्ने उपाय अपनाउन प्रयोग गरिँदै आएका त्यस्ता स्थानीय ज्ञान, सीप, विधि र प्रविधिलाई नै विपद् व्यवस्थापनका लागि परम्परागत अभ्यासका रुपमा लिइन्छ ।

**परम्परागत ज्ञान, सीप र प्रविधि तथा सामाजिक एकताका केही उदाहरणहरुः**

१. गुठीको चलन
२. वनसंरक्षण र जैविक प्रविधि
३. पानीको मुहान संरक्षण
४. तटबन्ध
५. उपचारमा स्थानीय प्रविधि, जडिबुटी तथा वनस्पति आदिको प्रयोग

### ७.२ उत्थानशील समुदायको विकासका लागि समन्वय तथा सहकार्य

गाउँघरमा हुने साना-ठूला विपद्का घटनाको सामना गर्न, विपद् पर्नु पहिले विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण जस्ता कार्यमा समुदायले सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गर्ने विधिबारे जानकारी राख्न जरुरी हुन्छ । यसका लागि समुदायमा रहेका विद्यालय, विभिन्न समूह, क्लबहरु, गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटीसँग सम्बद्ध निकाय वा समूहसँग विपद् जेखिम व्यवस्थापनका सन्दर्भमा काम गर्ने वातावरण बनाउन सकिन्छ । सङ्कटासन्न समुदायका लागि नगरपालिकाबाट आर्थिक र प्राविधिक सहयोग प्राप्त गर्ने र सहकार्य गर्ने वातावरण बनाउन सकिन्छ। समुदायमा रहेका प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, वन उपभोक्ता समूह, कृषि विकास शाखा लगायतका सरकारी निकायसँग सहकार्य गरी विपद् जोखिम न्यूनीकरण गर्न सकिन्छ।

विद्यालय समुदायको अभिन्न अंग हो, जसले शिक्षा, विपद् व्यवस्थापन, वातावरण संरक्षण, स्वास्थ्य सचेतना, र सामाजिक समावेशीकरणमा महत्वपूर्ण भूमिका खेल्छ । विद्यालयले

विद्यार्थी, अभिभावक, र समुदायलाई विभिन्न सामाजिक र वातावरणीय जोखिमबारे सचेत गराउनुका साथै विपद् व्यवस्थापन केन्द्रका रुपमा समेत कार्य गर्न सक्छ। विपद् आइपर्दा विद्यालयलाई अस्थायी आश्रयस्थलका रुपमा प्रयोग गर्न सकिन्छ, जसले समुदायलाई सुरक्षा प्रदान गर्छ। साथै, विद्यालयमार्फत समुदायका सदस्यहरुलाई विभिन्न तालिम, सीप विकास, र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी उनीहरुलाई सशक्त बनाउन सकिन्छ । विविध सांस्कृतिक र सामाजिक पृष्ठभूमिका व्यक्तिहरुलाई एकताबद्ध गर्ने माध्यमका रुपमा विद्यालयले समान अवसर सिर्जना गर्छ । साथै, विद्यालयले स्वास्थ्य र सरसफाइका विषयमा सचेतना अभिवृद्धि गर्दै स्वच्छता, पोषण, र स्वच्छ पानीको प्रयोगमा समुदायलाई प्रेरित गर्छ। विद्यालय केवल ज्ञान प्रदान गर्ने थलो मात्र नभई, समुदायको समग्र विकास र उत्थानशिलताका लागि केन्द्रबिन्दु बन्न सक्छ । तसर्थ विद्यार्थीहरुलाई विद्यालयमै आफ्ना स्थानीय क्षेत्रको प्राकृतिक वातावरण कसरी जोगाउने भन्ने कुरा सिकाइनु पर्छ । उनीहरुले आफ्ना समुदायहरुमा वरपरको वातावरण संरक्षणको बारेमा चेतना फैलाएर महत्वपूर्ण भूमिका खेल्नेछन् ।

समन्वय तथा सहकार्यका लागि समुदायमा रहेका विद्यालय, गैरसरकारी संस्था, स्थानीय स्तरमा रहेका नेपाल रेडक्रस सोसाइटीका शाखा, क्लबहरु वा सरकारी कार्यालयहरु के के छन् त्यसबारेमा छलफल गरी तिनीहरुको सूची बनाउनु पर्दछ । कुन कुन गैरसरकारी संस्थाले काम गरेका छन् र तिनीहरु कुन विषयमा काम गरिरहेका छन् ? समुदायमा युवा क्लब, विद्यालयमा भएका क्लब, आमा समूह, महिला समूह, वन उपभोक्ता समूह आदि के-कस्ता समूह गठन भएका छन्? नगरपालिकाले समुदायमा के कस्ता काम गर्ने कार्यक्रम बनाएको छ ? समुदायमा वा नजिकै रहेको प्रहरी चौकी, स्वास्थ्य चौकी, कृषि तथा पशुसेवा कार्यालय के-के छन् ?

**समन्वय र सहकार्यका लागि गर्न सकिने उपायहरु**

१. समुदायमा गठन भएर सञ्चालन भइरहेका विभिन्न समूह र क्लबलाई सुरक्षित समुदायको विकासका लागि सचेत गराउन जनचेतना अभिवृद्धि गराउनु पर्छ । उनीहरुलाई प्रकोपका घटना, ती घटनाबाट दीर्घकालीन र अल्पकालीन रुपमा पर्ने प्रभावका बारेमा जानकारी गराउनु पर्छ । प्रकोप हुने कारण र क्षतिका बारेमा गरिने अन्तरक्रिया तथा छलफलले त्यस्तो क्षति कम गर्ने उपायहरु सुझाउन सक्छ र सहकार्य अभिवृद्धि हुन सक्छ । उदाहरणको लागि - महिला स्वयंसेवक र आमा समूहलाई महामारीजन्य विपद्को नियन्त्रण गर्न सरसफाइ र स्वास्थ्य प्रबर्द्धनबारे गर्नु पर्ने प्रयास, आगलागी रोकथामका लागि सलाई, ग्यास, लाइटरको उचित प्रयोग वा हुरीबतास चलेको समयमा आगोको प्रयोग नगर्ने जानकारी दिनु विपद् व्यवस्थापनको एक उदाहरण हो ।

२. जीविकोपार्जनका क्षेत्रमा समुदायमा सहयोग पुऱ्याइरहेका संस्था वा सरकारी कार्यालयसँग कुन काम गर्दा विपद्को सामना गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्ने ।

३. ग्रामीण बाटो निर्माणको सन्दर्भमा बाटो माथिको ढुङ्गामाटो तल खस्न वा बाटो खन्दा माटो तल नफालेर तलमाथिको वनको संरक्षण गर्ने जसले गर्दा पहिरोको जोखिम कम हुन जान्छ ।

४. समुदायमा रहेका विद्यालयमा बालबालिकालाई विपद्बाट बच्ने उपाय आदिका बारेमा जानकारी दिने, विद्यालय भवन नियमित मर्मतसम्भार गर्ने, बालबालिकालाई घरबाट विद्यालय र विद्यालयबाट घर जानु पर्दा प्रकोपबाट प्रभावित हुन्छन् वा हुँदैनन्, विद्यालय बाढी वा पहिरो वा अन्य कुनै विपद्बाट प्रभावित हुन्छ या हुँदैन र कसरी क्षति कम गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी जनचेतना जगाउन सकिन्छ ।

५. स्थानीय तहले विकास निर्माणका कार्य गर्दा विपद् जोखिम कम गर्ने प्रकारका कार्य गर्न र समुदायमा स्थानीय विपद् व्यवस्थापन कोषको स्थापनामा सघाउ पुऱ्याउन अनुरोध गर्न सकिन्छ ।

विपद् व्यवस्थापनमा समन्वय र सहकार्यका धेरै विधि र तरिका हुन्छन् । त्यस्ता क्षेत्रबारे आपसमा छलफल गरी सहकार्य गर्ने वातावरण बनाउनु पर्छ । तालिम वा छलफलका क्रममा सबैले मिलेर यस विषयमा छलफल गर्नु पर्छ ।

## ८. समुदायको सहभागितामूलक सङ्कटासन्नता, जोखिम तथा क्षमता विश्लेषण

आफ्नो समुदायमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमताका बारेमा पुर्ण जानकारी भएमा समुदायको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न सहज हुन्छ । आफ्नो समुदायको सङ्कटासन्नता तथा जोखिम र क्षमता विश्लेषण वा लेखाजोखाबारे समुदायलाई जानकारी जानकारी हुनु अत्यन्तै आवस्यक छ । जोखिम न्यूनीकरणका लागि आफूसँग भएको स्रोत वा क्षमता र कमीकमजोरी पत्ता लगाउने आधार तयार गरी योजना तर्जुमा गरेर कार्यान्वयन गर्यो भने समुदायमा रहेको विपद् जोखिमबाट जिउधनको सुरक्षा गर्न मद्धत पुग्छ ।

यसबाट गाउँघरमा के-कस्ता प्रकोप हुन्छन् ? ती प्रकोपबाट कस्तो विपद् पर्न सक्छ ? र त्यसबाट समुदाय कसरी सङ्कटासन्न हुन्छन् ? भन्ने जानकारी प्राप्त हुन्छ र समुदायमा रहेको सङ्कटासन्नता र जोखिमको बीचको अवस्थाको लेखाजोखा प्रक्रिया बारे ज्ञान तथा सिप हासिल हुन्छ । यसका साथै सङ्कटासन्नता र जोखिमलाई कम गर्न समुदायमा के-कस्ता क्षमता र स्रोत साधन छन् वा स्रोत साधन कसरी जुटाउन सकिन्छ ? भन्ने बारेमा जानकारी प्राप्त हुन्छ ।

### ८.१ सहभागितामूलक सङ्गटासन्नता लेखाजोखा

सहभागितामूलक सङ्कटासन्नताको लेखाजोखाका लागि निम्न शब्दहरुको अर्थ स्पष्ट रुपमा बुझ्नु पर्दछ ।

**सहभागितामूलकः** समुदायका कुनै एक वा सोभन्दा बढी घरपरिवार वा समुदायमा प्रकोपका घटनाबाट पर्नसक्ने सम्भावित विपद् वा अन्य कुनै पनि समस्याको समाधानका लागि हुने छलफल वा कार्यमा समुदायका सबै मानिसको समानुपातिक सहभागितालाई सहभागितामूलक भनिन्छ । यसप्रकारका कार्यक्रम हुँदा समुदायका युवा, वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिला, दलित, जनजाति तथा गरिब वा सीमान्तकृत परिवार वा समूहका सदस्यको प्रत्यक्ष सहभागिता हुनु अनिवार्य मानिन्छ । कुनै विकास निर्माणका कार्य हुँदा उनीहरुका समस्या र समाधानका उपाय उनीहरु आफैँले पहिचान गर्नु पर्छ भन्ने मान्यतालाई सहभागितामूलक प्रक्रियाले सुनिश्चित गर्छ । यसप्रकार कुनै कार्य वा बैठक तथा छलफलमा सबै वर्ग, जातजाति, समूहको समानुपातिक सहभागिता हुनु जरूरी हुन्छ भन्ने प्रष्ट हुन्छ ।

**सङ्कटासन्नताः** आपत्कालीन अवस्था उत्पन्न हुने सम्भावना भएको वा अत्यधिक जोखिममा रहेको वा विपत्तितर्फ उन्मुख भएको अवस्थालाई सङ्कटासन्नता भनिन्छ । पहिरो जाने सम्भावना रहेको ठाउँमा भएको घर, गोठ, बारी आदिलाई सङ्गटतर्फउन्मुख भएको भन्न सकिन्छ। त्यसैगरी पानीको मुहानभन्दा माथि भएको पहिरो वा फोहोरले पानीको मुहान सङ्कटासन्न छ भन्ने जनाउँछ भने खोला किनारमा भएको घर वा बस्ती बाढीका कारण सङ्कटासन्न छ भन्ने देखाउँछ।

**जोखिमः** कुनै पनि घटनाबाट जनधनको क्षति हुने सम्भावना छ भने त्यस्तो जनधनलाई जोखिममा रहेको मानिन्छ। सङ्कटासन्नता र विपद्बीचको दूरी कम छ भने जोखिम उच्च हुन्छ र दूरी बढी छ भने जोखिम पनि कम हुन्छ । विपद्को सन्दर्भमा सङ्कटतर्फ उन्मुख भएको समुदाय, सम्पत्ति जसलाई

प्रकोपका घटनाले प्रत्यक्ष प्रभाव पार्छ वा क्षति पुऱ्याउँछ भने त्यस्तो अवस्थालाई जोखिम भनिन्छ ।

**विश्लेषण**ः समाजमा भएका विभिन्न अवस्था, घटना, घटनाको प्रभाव, वा हुनसक्ने घटनाबाट पर्ने सम्भावित प्रभावको सूक्ष्म अध्ययन गरी समस्याको समाधानका उपाय पत्ता लगाउने विधिलाई विश्लेषण भनिन्छ । यसरी विश्लेषण गर्दा अब के हुन्छ ? किन हुन्छ ? कसरी हुन्छ ? त्यसले के असर पुऱ्याउँदछ ? र सम्भावित असरलाई कम गर्न के-कस्ता काम गर्न कस्तो योजना तयार गर्नु पर्छ ? भन्ने पत्ता लगाउन गरिने अध्ययनलाई विश्लेषण भनिन्छ ।

**क्षमता**ः गाउँघरमा भएका समस्याको सामना गर्ने साधन, स्रोत, ज्ञान, सीप र विधि भएको अवस्थालाई समुदायमा विपद्को सामना गर्ने क्षमतालाई जनाउँछ । प्रकोप हुने सम्भावना छ भने प्रकोपको घटना हुनु पहिले गरिएको पूर्वतयारी । आपतकालमा चाहिने सामानको जोहो गरिएको अवस्था। पूर्वतयारी गरेर विपद्को सामना गर्ने क्षमता बढाउन सकिन्छ ।

उल्लिखित शब्दहरुको अर्थबाट नै स्पष्ट हुन्छ समुदायमा हुने सम्भावित विपद्को सामना गर्न आवशयक पूर्वतयारी गर्नका लागि सङ्कटासन्नता, जोखिम र क्षमताको विश्लेषण गर्न समुदायका सबै वर्ग र जातजातिको समानुपातिक सहभागिता र त्यसमा पनि छलफल र निर्णय प्रक्रियामा उनीहरुको भूमिकालाई सशक्त रूपमा प्रस्तुत हुने वातावरण सिर्जना गर्नु हो ।

### ८. २ सहभागितामूलक सङ्कटासन्नता विश्लेषणका प्रमुख सिद्धान्तहरु

सहभागितामूलक सङ्कटासन्नता विश्लेषणका प्रमुख मान्यता तथा सिद्धान्त निम्नानुसार रहेका छन् ।

- सहभागिमूलक पद्दतिबाट सबैभन्दा सङ्कटमा परेको व्यक्ति, वर्ग तथा समूहको पहिचान गर्नुपर्छ ।
- समुदायले वर्तमान समयमा भोगिरहेका तथा भविष्यमा भोग्नुपर्ने समस्याको समाधानका उपायहरु पत्ता लगाउन यस प्रक्रियामा गरिब तथा पछाडि पारिएका व्यक्ति, वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ ।
- सहभागिमूलक सङ्कटासन्नता विश्लेषणले समुदायभित्र रहेका समस्याको पहिचान गरी समाधान गर्ने बाटो पहिल्याउँछ ।
- यो समावेशी र अधिकारमुखी विकास पद्धतिको अवधारणामा आधारित छ ।
- कतिपय अवस्थामा सङ्कटासन्न रहेका स्रोत र साधनहरु समुदायको पहुँच र नियन्त्रणभन्दा बाहिर हुने भएकोले यसका लागि बहुआयमिक प्रक्रियाहरु अपनाउनु पर्दछ । त्यसकारण विश्लेषणका क्रममा यसले सूक्ष्म र व्यापक दुवै स्तरको विश्लेषण हुनु पर्छ भन्ने मान्यता राख्छ ।
- यसले प्रकोप र जोखिमलाई मात्र नहेरी सामाजिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक तथा आर्थिक तत्वलाई पनि ध्यान दिनु पर्छ भन्ने मान्यता राख्छ ।
- समुदायका कुन-कुन व्यक्ति, वर्ग र समूहहरु कुन कुन समस्याबाट ग्रस्त छन् ? ती समस्या समाधान गर्न के गर्नुपर्छ भन्नेबारेमा छलफल हुन्छ ।

- सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणपछि समुदायमा के-कस्ता काम अल्पकालीन र दीर्घकालीन रुपमा गर्नुपर्छ भन्ने एकीन गरी कार्ययोजना बनाउन सहयोग गर्छ ।

## ८.३ सङ्कटासन्नता र क्षमताको विश्लेषणबाट जोखिमको पहिचान गर्ने तरिका

कुन समुदाय कुन प्रकोपको जोखिममा छन् र त्यस्तो जोखिम कुन स्तरमा रहेको छ भनेर पत्ता लगाउनु पर्छ। यसका लागि समुदायभित्र रहेका साधन र स्रोतको अवस्था र उपयोगको पद्धति पत्ता लगाउनु पर्छ । यसबाट भएका साधन र स्रोतको सही उपयोग भएको छ या छैन भन्ने कुरा पत्ता लाग्छ भने कुन स्रोतको उपयोग कुन विपद्का समयमा गर्न सकिन्छ भन्ने पत्ता लगाउनु पर्छ ।

यसका लागि समुदायमा भएका सबैभन्दा गरिब परिवारको जोखिमको पहिचान गर्दै धनी र साधनस्रोतमा पहुँच भएका मानिसको जोखिम हेर्नु पर्छ र दुबैको अवस्थाको तुलना गरी को बढी जोखिममा रहेको छ ? भनेर तुलना गरी बढी जोखिममा रहेको परिवार र ती परिवारमा भएका व्यक्तिको सम्भावित जोखिम पत्ता लगउनु पर्छ, तलको उदाहरणले जोखिम पत्ता लगाउन सहयोग गर्नेछः

१. "घर नं १४" को परिवार आर्थिक रुपमा सम्पन्न छ र वर्षभरिलाई खान र लाउन पुग्छ । उसले गाउँघरमा सहयोग पनि गर्न सक्छ। तर त्यस परिवारको बैंक व्यालेन्स वा सञ्चित रूपैयाँ छैन । अन्नपात, खेत, बारी, फलफूल खेतीले आफ्नो दैनिक जीवन यापन र बालबच्चा पढाउन पर्याप्त मात्रा पुग्छ। परिवारका कुनै सदस्यको रोजगारी छैन वा अन्य वैकिल्पिक आर्थिक स्रोतको अभाव छ । तर, उक्त परिवारको घर नदीको किनारमा छ, जुन सम्भावित बाढीको जोखिममा रहेको छ । नदीमा ठूलो बाढी आयो भने उसको घर बगाउन सक्छ र घरमा भएका अन्नपात वा धनमाल पनि क्षति हुन सक्छन्।

   त्यस्तै अर्को "घर नं १९" को परिवारसँग खेतीपाती गर्ने जमिन कम छ। आफ्नो खेतबारीबाट भएको उत्पादनले तीन महिनाभन्दा बढी खान पुग्दैन। बसोबास र खेतबारी "घर नं १९" सँग पनि रहेको छ । तर उसका दुई सन्तानमध्ये एउटा विद्यालयमा पढाउने शिक्षक छ र अर्को विदेशमा नोकरी गर्छ । उनीहरुको जीवन नोकरीबाट आर्जित तलवबाट चल्छ र बैंकमा रूपैयाँ मौज्दात पनि छ ।

   यस अवस्थामा नदीमा ठूलो बाढी आयो भने स्थानीय तहमा धनी मानिने परिवार "घर नं १४" बढी जोखिममा पर्छ। किनभने उसँग वैकल्पिक आम्दानीको स्रोत छैन र बाढीले घरबारी बगाउँदा बस्न र खानको लागि आवश्यक साधन जुटाउन पैसा हुँदैन। तर "घर नं १९" को परिवारसँग घरमा खाद्यान्न कमै मात्र हुने हुँदा बाढीले बगाउँदा पनि ठूलो असर नपर्न सक्छ किनभने उसले बैंकमा राखेको रूपैयाँ प्रयोग गरेर आपत्कालीन अवस्थामा आफ्नो परिवारलाई मात्र होइन बाढीबाट विस्थापित वा प्रभावितलाई केही भए पनि सहयोग गर्न सक्ने सम्भावना रहन्छ ।

   यसप्रकार सङ्कटासन्नता र क्षमताको विश्लेषण गरेर समुदायका कुन परिवार बढी जोखिममा रहेका छन् भनेर पत्ता लगाउन सकिन्छ ।

२. समुदायमा रहेको सङ्कटासन्नता थाहा पाइसकेपछि वा कति परिवारका कति मानिस बढी जोखिममा रहेका छन् भनेर सूची तयार गर्नु पर्छ । त्यसको आधारमा अब ती परिवारको सङ्कटासन्नता कम गर्न गाउँघरमै के- कस्ता साधन र स्रोत छन्? बाढी आउँदा वा पहिरो गएको अवस्थामा कुन स्थान बढी सुरक्षित छ ? विपद् परेको समयमा उद्धार र सहयोग गर्ने निकाय कुन कुन छन् ? तिनीहरुबाट कस्तो सहयोग प्राप्त गर्न सकिन्छ ? जस्ता क्षेत्रको अध्ययन गर्नु पर्छ र सूची तयार गर्नु पर्छ । विपद्बाट कुनै मानिस विस्थापित भएमा उसको परिवारलाई तत्काल दिने राहत वा सहयोग गाउँघरबाटै प्राप्त गर्न सकिन्छ या सकिँदैन भन्ने विषयलाई हेर्नु पर्छ ।

यसका साथै सङ्कटासन्नता कम गर्न गरिने कामका लागि गाउँघरमा के-कस्ता साधन छन् ? जस्तो कि बाढी आउने खोलामा बाँस, स्थानीय ढुङ्गा, बोरामा बालुवा भरेर बार लगाउने वा नदी किनारमा बाँस रोपेर बाढी गाउँतिर पस्नबाट रोक्ने। त्यसैगरी, पहिरो जान सक्ने ठाउँबाट सङ्कटासन्न परिवारलाई सुरक्षित स्थानमा सार्ने वा टेवा पर्खाल लगाएर पहिरो रोक्ने उपाय गर्ने वा त्यसका लागि नगरपालिका, प्रदेश, संघ र अन्य सम्बन्धित निकायबाट सहयोग लिन सक्ने क्षमता जोखिम व्यवस्थापनका लागि स्थानीय क्षमता हुन् ।


३. यसरी समुदायमा के-कस्तो सङ्कटासन्नता छ ? सङ्कटासन्नता कम गर्न के क्षमता छ? र अब के जोखिम बाँकी रहेको छ? र त्यसलाई कम गर्न के गर्नु पर्छ भनेर पत्ता लगाउनु पर्छ ।

## ९. सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणका औजारहरु

सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणका औजारहरु र तिनको उचित प्रयोगले मात्र समुदायको यथार्थ अवस्थाबारे स्पष्ट चित्र प्राप्त गर्न सकिन्छ। यी औजारहरुको प्रयोगात्मक र सार्थक विश्लेषणले समुदायमा आधारित सहभागितामूलक दृष्टिकोणलाई प्रभावकारी बनाउँछ। विश्लेषणका क्रममा प्राप्त तथ्यांक र जानकारीले जोखिम न्यूनीकरणका उपयुक्त कार्यक्रम र रणनीति तय गर्न मार्गदर्शन प्रदान गर्दछ। यसरी सुदृढ योजना निर्माण र कार्यान्वयनले मात्रै समुदायको उत्थानशील विकास सुनिश्चित गर्न सकिन्छ। त्यसैले, विश्लेषणका विधि र औजारहरुको सैद्धान्तिक र व्यवहारिक पक्षको गहिरो अध्ययन महत्त्वपूर्ण छ, जसका लागि यस पाठ र आगामी पाठहरुमा विस्तृत रुपमा चर्चा गरिनेछ।

### ९.१ सामाजिक स्रोत, प्रकोप, सङ्कटासन्नता तथा क्षमता नक्साङ्कन

समुदायमा रहेको सामाजिक स्रोत, प्रकोप, सङ्कटासन्नता तथा क्षमता पहिचान तथा नक्साङ्कन गर्न समुदायभित्र रहेका प्राकृतिक तथा गैरप्राकृतिक साधन, स्रोत आदि उल्लेख भएको सामाजिक नक्सा समुदायका प्रतिनिधिको प्रत्यक्ष सहभागितामा तयार गरी गाउँको वास्तविक




अवस्थाको विश्लेषण गर्नु पर्छ। यसरी तयार हुने नक्सामा समुदायको अवस्थिति, खोला तथा नदीनाला, पोखरी, खेतीयोग्य जमिन, बाटो तथा सडकहरु, सामुदायिक भवनहरु, विद्यालय, स्वास्थ्य सेवा केन्द्रहरु, वनजङ्गल, नगरपालिका तथा वडाको भवन, बिजुली, सुरक्षित आश्रय स्थलहरु वा आश्रयस्थलका लागि उपयुक्त हुने क्षेत्र, खानेपानी, सरसफाइको अवस्था स्पष्ट रुपमा देखाउनु पर्छ। यसरी सङ्कलित जानकारीका आधारमा समुदायको कुन ठाउँमा र कस्ता प्रकारका जोखिम तथा संवेदनशीलता छन् भनेर पहिचान गर्न सहयोग पुऱ्याउँछ। जोखिम नक्सा भनेको विशेष जोखिमहरु

(जस्तैः बाढी, पहिरो, भूकम्प, आगलागी आदि) कुन ठाउँमा बढी छन् भन्ने कुरा देखाउने नक्सा हो।

उदाहरणका लागि, कुनै बस्तीको जोखिम नक्सामा बस्ती नजिकैको खोलामा बाढी आउने सम्भावना रहेको क्षेत्र रातो रङमा देखाइएको छ भने त्यो स्थान बढी जोखिमयुक्त हो भनेर बुझिन्छ। यसले समुदायलाई सतर्क हुन, पूर्वतयारी गर्न र आपतकालीन योजना बनाउन सहयोग गर्छ।

यसरी, जोखिम नक्सा र संवेदनशीलता नक्सा तयार पार्नु समुदायको विपद् व्यवस्थापन र सुरक्षा रणनीति निर्माणमा आधारशिला सावित हुन्छ।

## ९. २ प्रकोप सूचीकरण तथा स्तरीकरणः

समुदाय तथा गाउँमा हुने विपद्जन्य घटना र जनधनको क्षतिका आधारमा प्रकोपको सूची तयार गरी धैरै क्षति गर्ने प्रकोप पहिचान र स्तरीकरण गर्नु पर्छ। गाउँ समुदायभित्र हुने प्रकोपको सूची र स्तरीकरण गर्न निम्नबमोजिमको तालिका प्रयोग गर्नुपर्छः

| प्रकोप स्तरीकरण ........ नगरपालिका वडा नम्बर ........, .......... टोल | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रकोपहरू** | **बाढी** | **सडक दुर्घटना** | **पहिरो** | **जनावर आतङ्क** | **महामारी** | **आग लागी** | **खडेरी** | **भुकम्प** | **हुरी वतास** | **चट्याङ्ग** |
| **बाढी** | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| **सडक दुर्घटना** | | | स.दु. | स.दु. | स.दु. | स.दु. | स.दु. | स.दु. | स.दु. | स.दु. |
| **पहिरो** | | | | ज.आ. | पहिरो | पहिरो | पहिरो | पहिरो | हावा हुरी | पहिरो |
| **जनावर आतङ्क** | | | | | ज.आ. | ज.आ. | ज.आ. | ज.आ. | ज.आ. | ज.आ. |
| **महामारी** | | | | | | महामारी | खडेरी | महामारी | हावाहुरी | महामारी |
| **आगलागी** | | | | | | | खडेरी | भुकम्प | हावाहुरी | अगलागी |
| **खडेरी** | | | | | | | | खडेरी | हावाहुरी | खडेरी |
| **भुकम्प** | | | | | | | | | हावाहुरी | भुकम्प |
| **हुरीवतास** | | | | | | | | | | हावाहुरी |
| **चट्याङ्ग** | | | | | | | | | | |
| **प्राप्ताङ्क** | ९ | ८ | ५ | ७ | ३ | १ | ४ | २ | ६ | ० |
| **स्तर** | १ | २ | ५ | ३ | ७ | ९ | ६ | ८ | ४ | १० |

### ९. ३ प्रकोप पात्रोः

समुदायभित्र कुन समयमा कुन प्रकोप हुन्छन् भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गर्नुपर्छ जसलाई प्रकोप पात्रो भनिन्छ। यसको लागि निम्नबमोजिमको तालिका तयार गर्नुपर्छः

| | समय | बैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा महिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मि महिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो महिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तातो हावा (लु) | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीतलहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| प्रदुषण | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| भोकमरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बसाइसराइ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### ९. ४ ऐतिहासिक समय रेखाः

समुदायमा विगतमा कुन प्रकोप भएका थिए र त्यसबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गर्नु पर्छ। यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति,

त्यसले पुऱ्याएको क्षति तथा भविष्यमा हुनसक्ने सम्भावित क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ। यसको लागि निम्नबमोजिमको फारम प्रयोग गर्न सकिन्छः

**नगरपालिकाः** **वडाः** **टोलः**

| क्र. सं. | वर्ष (वि.सं) मा | स्थान | क्षतिको विवरण (मृत्यु, घाइते, क्षतिग्रस्त घर, बालीनाली, प्रभावित परिवार, विस्थापित परिवार, क्षति भएको भौतिक सम्पत्ति रू. क्षतिग्रस्त खेतीयोग्य भूमि अन्य सामाजिक प्रभाव) |
|---|---|---|---|
| | | | |
| | | | |

## ९.५ प्रकोप विश्लेषणः

गाउँ तथा टोलमा हुने प्रकोप, त्यसको कारण र प्रभावको पहिचान गर्नुपर्छ। ऐतिहासिक समयरेखा तयार गर्नको लागि, कुनै एउटै विषय वा घटनालाई विशेष समयावधिमा केन्द्रित गरेर तयार गर्न सकिन्छ, वा विभिन्न विषय र घटनाहरुलाई समेटेर पनि तयार गर्न सकिन्छ। उदाहरणका लागि, कुनै नदीले २० वर्षमा आफ्नो बहावको दिशा कसरी परिवर्तन गऱ्यो भनेर अध्ययन गर्न सकिन्छ, वा पटक-पटक समुदाय र मानिसहरुलाई असर पार्ने महामारीहरुको अभिलेख तयार गर्न सकिन्छ। यसको लागि माथि उल्लिखित प्रकोपको पहिचान, प्रकोप हुने महिना र ऐतिहासिक समयरेखाको आधारमा प्रकोपको आवृत्ति र त्यसको मूल कारण के हो भनेर पहिचान गरी निम्नबमोजिमको ढाँचामा लेख्नुपर्छः

| **क्र. सं.** | **समस्या अथवा प्रकोप** | **घटना घट्नुको कारण** | **कारक तत्व** | **प्रभाव** | **सम्भावित समाधानका उपाय** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## ९.६ समुदायको सम्पन्नता स्तरीकरण

नगरपालिकाः ......................... वडा नं. ......... समुदायको नामः ..................

| **क्र. सं.** | **घरमूलीको नाम** | **सम्पन्नता स्तरीकरण (घरधुरी सङ्ख्या)** | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | **अति विपन्न** | **विपन्न** | **मध्यम** | **सम्पन्न** | |
| | | | | | | |
| | | | | | | |

**सम्पन्नता स्तरीकरणका सूचकः**

- **अति विपन्न परिवारः** आफ्नो उत्पादन वा व्यवसायले ३ महिनाभन्दा कम खान पुग्ने, बेरोजगार, ज्याला मजदुरी गर्नुपर्ने, कच्ची वा झुप्रो घरमा बसोवास गर्न बाध्य परिवार।

- **विपन्न परिवार:** आफ्नो उत्पादनले ६ महिनासम्म खान पुग्ने, सामान्य नोकरी भएको, मध्यम खालको घर भएको परिवार
- **मध्यम परिवार:** आफ्नो उत्पादनले ९ महिनासम्म खान पुग्ने, अधिकृत तहभन्दा सानो जागिर भएको, मध्यम खालको घर भएको ।
- **सम्पन्न परिवार:** आफ्नो उत्पादनले पूरै वर्ष खानपुग्ने आम्दानी गर्न सक्ने, व्यापार वा उद्योग भएको, अधिकृत तह वा सोभन्दा उच्चतहको नोकरी भएको वा पेन्सन प्राप्त गर्ने, अर्धपक्की वा पक्की घर भएको।

## ९.७ समुदायको पारिवारिक सङ्कटासन्नता स्तरीकरण

| जोखिमको अवस्था / (परिवार) उमेरगत जनसङ्ख्या | उच्च जोखिममा रहेको परिवार संख्या (........) | | | मध्यम जोखिममा रहेको परिवार संख्या (........) | | | न्यून जोखिममा रहेको परिवार संख्या (........) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| ०-५ वर्ष | | | | | | | | | |
| ६-१२ वर्ष | | | | | | | | | |
| १३-१९ वर्ष | | | | | | | | | |
| २०-५९ वर्ष | | | | | | | | | |
| ६० वर्षमाथि | | | | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | | | | |
| गर्भवती महिला | | | | | | | | | |
| बच्चालाई दूध खुवाउने महिला | | | | | | | | | |
| कुपोषित बालबालिका (५ वर्षुनीका) | | | | | | | | | |
| कुपोाषित बालबालिका (५ देखि १२ वर्ष) | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

## ९.८ समस्या वृक्ष वा जालोको विश्लेषणः

समुदायमा विपद्सम्बन्धी विद्यमान समस्याको उत्पत्ति, त्यसको कारण र प्रभाव विश्लेषण गर्नका लागि समस्या वृक्ष वा जालो औजारको विधि प्रयोग गरिन्छ । यस विधिअन्तर्गत वृक्षको काण्डले समस्या, जराहरुले कारण र हाँगा तथा पातहरुले प्रभावको प्रतिनिधित्व गरेको मानी वास्तविकता पहिचान गरिन्छ । विपद्जन्य जोखिम व्यवस्थापन गर्न समस्याको मूलकारण पत्ता लगाउन यो औजारको प्रयोग हुन्छ । यस विधिबाट प्राप्त नतिजालाई निम्नअनुसार सूचीकरण गर्नुपर्छ ।

| क्र. सं. | समस्या | समस्याको मूल कारण | समुदायमा परेको प्रभाव | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ९.९ धरातलीय हिंडाइः

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका क्रममा सामाजिक नक्सा र समस्या वृक्ष विश्लेषणका नतिजाको पुनरावलोकन गर्न समेत यो औजार प्रयोग हुन्छ । यसको सहयोगमा सङ्कटासन्न र सुरक्षित स्थान, भौगोलिक, सामाजिक संरचना, प्रकोपका घटनाबाट विगतमा भएको क्षतिको आँकलन, विपद् जोखिम व्यवस्थापनका अवसर र चुनौतीजस्ता विषयको अध्ययन गरिन्छ। सधैं कुनै स्थानको भू-भौगोलिक अवस्था र प्राकृतिक परिवेश जस्तै नदि, खोल्सा, रूख, घाँसे मैदान, माटोको गुणस्तर र मानव बस्तीहरुको बारेमा बुझ्नु राम्रो हुन्छ । धरातलीय हिडाइले ठुलो क्षेत्रको समग्र स्थिति बुझ्न मद्दत गर्छ, जसले थप अध्ययन गर्नुपर्ने प्रमुख विषयहरु पहिचान गर्न सहयोग पुऱ्याउँछ । यसको लागि, केही व्यक्तिको समूह वा कुनै एक व्यक्तिले समुदायको गाउँ भएर हिंड्नु पर्छ जसका लागि तालिका तयार गर्न सकिन्छ, जुन भविष्यमा सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्न सकिन्छ । धरातलीय हिंडाइका क्रममा प्राप्त नतिजालाई अन्य औजारको प्रयोगबाट प्राप्त नतिजालाई परीक्षण गर्न निम्नअनुसारको ढाँचामा सूचीकरण गर्नुपर्छः

| क्र. सं. | हिंडाइ क्षेत्र (समुदाय, स्थान विशेष) | प्रमुख समस्या वा सङ्कटासन्नता | समस्याको कारक | उपलब्ध क्षमता | सङ्कटासन्नता र क्षमताबीच अन्तर वा खाडल | प्रभाव |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ९. १० संस्थागत विश्लेषण वा रोटी चित्र:

विपद्को समयमा आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरु र अन्य मानवीय सेवा प्रदायक संघसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र जस्ता सामाजिक र सरकारी निकायहरूको मापन गरिन्छ र उनिहरुको विपद्को समयमा उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिन्छ। यो औजारले समुदायको आपसी सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ। यस औजारको प्रयोगबाट समुदायले विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा सामाजिक तथा सार्वजनिक निकायसम्मको पहुँच कस्तो छ भन्ने विश्लेषण गरिन्छ। उदाहरण स्वरूप दिइएको निम्नबमोजिमको रोटीचित्र तयार गरी यसको विश्लेषणबाट प्राप्त नतिजालाई तल दिइएको तालिकामा भर्नु पर्छ। रोटी चित्र तयार गर्दा विभिन्न संस्थाहरुलाई देखाउन गोलाकार (वा "रोटी") को प्रयोग गरिन्छ। समुदायका लागि सबैभन्दा महत्वपूर्ण संस्था वा संगठनलाई बीचमा राखिन्छ। बाँकी संस्थाहरुको रोटी त्यसको वरिपरि सम्बन्ध र महत्वअनुसार राखिन्छन्। जति टाढा रोटी राखिन्छ, त्यो संस्था समुदायका लागि त्यति कम महत्वपूर्ण मानिन्छ तर सबै संस्था कुनै न कुनै रुपमा समुदायका लागि आवश्यक हुन्छन्।



| क्र. सं. | कार्यालय संघ संस्था | ठेगाना | भौगोलिक दूरी | विपद् जोखिम व्यवस्थापनका लागि सम्बन्धको महत्व तथा प्राप्त हुनसक्ने सहयोग |
|---|---|---|---|---|
| क | समुदायमा | | | |
| १ | | | | |
| २ | | | | |
| | | | | |
| ख | वडाभित्र | | | |
| १ | | | | |
| २ | | | | |
| | | | | |
| ग | नगरपालिकाभित्र | | | |
| | | | | |
| | | | | |

### ९.११ गतिशिलता नक्सा:

समुदायका मानिसहरुको बाहिरी संघसंस्था, राजनीतिक वा प्रशासनिक पहुँच, निर्णायक तहमा भएको प्रतिनिधित्व, बाह्य समाजसँगको सम्पर्क, आवत-जावतको अवस्था विश्लेषण गर्न यो औजारको प्रयोग गरिन्छ। विपद्का समयमा र योजनाबद्ध विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा प्राप्त गर्न सकिने सहयोगको क्षेत्र र क्षमता मापन गर्दा प्राप्त नतिजलाई निम्नअनुसार सूचीकृत गरी तुलनात्मक विश्लेषण गर्नुपर्छ । अहिले हामीसँग स्थानीय सरकार भएकोले, अधिकांश जिम्मेवारीहरु स्थानीय सरकारी निकायहरुलाई दिइएको छ । यी निकायहरुसँग विभिन्न शाखा र सामाजिक संस्थाहरु छन् जससँग समुदायका सदस्यहरुले आफ्नो आवश्यकताअनुसार सेवा लिनको लागि सम्पर्क गर्न सकिन्छ । यसलाइ बुझ्न सजिलो होस् भन्नका लागि, यिनका कार्यहरु, महत्त्व र समुदायका व्यक्तिहरुले कसरी सेवा लिन सक्छन् भन्ने कुरा देखाउन एक प्रवाहचित्र (जस्तैः गतिशीलता नक्सा) तयार गर्न सकिन्छ ।

**समदायको नाम र ठेगानाः**

| क्र. सं. | पहुँच कायम रहेका निकाय, संस्था तथा व्यक्ति | पूरा ठेगाना | सम्पर्कको कारण र माध्यम | सम्पर्क र सरोकारको विषय (कारण) | |
|---|---|---|---|---|---|
| | | | | विपद् पहिलेको अवस्था | विपद् र विपद् पछिको अवस्था |
| | | | | | |
| | | | | | |

## ९. १२ लक्षित समूहूह छलफलः

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन विपद् प्रभावित समुदायको सानो समूहमा छलफल गरियो भने उनिहरुका समस्या प्रष्ट रुपमा उजागर हुन सक्छ। यसले विषयको मुख्य कारण र प्रभावहरु पहिचान गर्न र समाधानतर्फ पुग्न सहयोग पुऱ्याउँछ। यसका लागि समुदायका ८ - १० जना महिला, सीमान्तीकृत वर्ग, बूढापाका, अपाङ्गता भएका व्यक्ति, दलित, जनजातिसमेत सबै वर्गलाई समेटेर यसप्रकारको छलफल गर्नुपर्छ। यस्तो छलफलमा सबै सहभागीलाई समान रुपले आफ्ना विचार र भनाइ राख्न प्रोत्साहित गर्नुपर्छ। सामान्य विषयहरुका लागि पुरूष, महिला, ज्येष्ठ नागरिक, युवाहरु र अपाङ्गता भएका व्यक्तिहरु समेत विभिन्न समूहहरुको सहभागिता हुनु राम्रो हुन्छ। तर, विशेष विषयहरुमा छलफल गर्न चाहिँ सो विषयसँग सिधा सम्बन्धित सहभागीहरुलाई मात्र संलग्न गरिँदा छलफल अझ प्रभावकारी हुन्छ। त्यसैले, यसलाई केन्द्रित समूह छलफल (Focused Group Discussion) भनिन्छ।

यस प्रक्रियाबाट प्राप्त सूचनालाई निम्नअनुसारको ढाँचामा सूचीकृत गर्नुपर्छः

समुदायः.................... समूहः महिला/अपाङ्गता/दलित आदि

| क्र. सं. | समस्या (तल उल्लेख गरिएका बुँदा उदाहरण मात्र हुन्) | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | विकास र विपद्का सवाल | | | | | |
| १ | जीविकोपार्जन तथा खाद्य सुरक्षा | | | | | |
| २ | खानेपानी, सरसफाइ तथा महामारी | | | | | |
| ३ | अन्य ....-थप्न सकिने | | | | | |

## ९. १३ प्रत्यक्ष अवलोकनः

माथि उल्लेख भएका औजारको प्रयोगबाट प्राप्त नतिजालाई पुनरावलोकन तथा परीक्षणका लागि प्रत्यक्ष अवलोकन विधि अपनाइन्छ। प्रत्यक्ष अवलोकन विधिबाट सङ्कटासन्न क्षेत्र, समुदाय, प्राकृतिक स्रोत तथा साधन, भौतिक संरचना, सार्वजनिक सम्पत्ति तथा जोखिम व्यवस्थापनका लागि गर्नुपर्ने कामको सही पहिचान गर्न वा पहिचान भएका कामको परीक्षण गर्न प्रयोग गरिन्छ। अवलोकनका क्रममा प्राप्त नतिजालाई निम्न ढाँचामा सूचीकृत गरी विश्लेषण गर्नु पर्छः

| क्र. सं. | अवलोकन गरिएको स्थान | विपद्को प्रमुख समस्या | | उपलब्ध क्षमता | समुदायका आवश्यकता |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |

## ९. १४ स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाजोखाः

अघिल्लो र यस पाठमा भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोगबाट प्राप्त नतिजालाई आधार मानेर समुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरुको सूची तयार गरिन्छ। तलको खाकामा समुदायमा भएका ज्ञान, सीप र विधिको सूचीकरण गरिन्छ। यसले विपद्को सामना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ जसबाट स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ।

| क्र. सं. | विपद्को प्रकार | विपद् भएको वर्ष महिना | विपद् पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|---|
| | | | व्यक्तिगत रुपमा | सामुहिक रुपमा | व्यक्तिगत रुपमा | सामुहिक रुपमा |
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरिएको औजार तिनको प्रयोगका सन्दर्भमा समुदायमा विपद्बाट पर्ने प्रभाव कुन-कुन क्षेत्रमा परेको छ र भविष्यमा कुन-कुन क्षेत्रमा पर्छ भनेर विश्लेषण गर्नुपर्छ। हाम्रो जीविकोपार्जन, वा आथिर्क र सामाजिक विकासमा योगदान दिने विभिन्न सम्पत्ति निम्नअनुसार छन्, जसको बारेमा हामीले ध्यान दिनुपर्छ ।

क. समुदायका सङ्कटासन्न वर्गहरु, महिला, दलित, जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, समुदायमा कार्यरत संघसंस्थाका प्रतिनिधिको सहभागितालाई सुनिश्चित गर्नुपर्छ ।

ख. विपद् जोखिम व्यवस्थापन तथा दैनिक जीवनयापनका सन्दर्भमा उपयोग हुने निम्न पाँच प्रकारका पूँजीको उपलब्धता तथा उपयोगको शूक्ष्म विश्लेषण गर्नुपर्छः

- **सामाजिक सम्पत्तिः** जातजाति, बसोवासको अवस्था, लिङ्ग, समूहहरु, नेतृत्व, संङ्गठन र सदस्यता, सामाजिक मेलमिलाप, आपसी सर-सहयोग, आदि ।
- **मानवीय सम्पत्तिः** ज्ञान र सीप तथा विशेष दक्षता भएका व्यक्तिहरु, शिक्षा, स्वास्थ्य र पोषण, पारिवारिक आकार, रोजगारी र यसको अवसर आदि।
- **प्राकृतिक सम्पत्तिः** जमिन र यसको प्रकार, जमिन बचावटको तौरतिरका (बाढी र पहिरोको रोकथाम गरेर, वृक्षारोपण गरेर, आदि), उत्पादनको अवस्था (अन्नवाली, नगदेवाली, तरकारी र अन्य), जलस्रोत, वनले ढाकेको क्षेत्र, आदि।
- **भौतिक सम्पत्तिः** सडक, यातायात, पुल-पुलेसा, बजार, होटल, विद्यालय, कृषि र पशु सेवा केन्द्र, सुरक्षा चौकी, पूर्वसूचना प्रणाली, उद्धार र राहत सामाग्रीहरुको पर्याप्तता, आवास, चर्पी, खानेपानीको अवस्था, सिँचाइ, विद्युत् र सञ्चार सेवा, घरहरुको भौतिक अवस्था, गोवर ग्यास आदि।
- **वित्तीय सम्पत्तिः** नगद, जिन्सी, कृषि, पशुपालन, पेन्सन, वैदेशिक रोजगार, बचत तथा ऋण समूह, सहकारी, स्थानीय स्रोत साधनहरु आदि।

## १०. समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन (CBDRM) एक समग्र प्रक्रिया हो, जसले समुदायमा विशेषगरी महिलाहरुलाई जोखिम पहिचान गर्न, पूर्वतयारी योजनाहरु बनाउन र उत्थानशीलता निर्माणका लागि रणनीतिहरु लागू गर्न सक्रिय रुपमा सहभागी गराउँछ। महिलालाई सशक्त पार्दै र उनीहरुको विशेष क्षमताहरुको उपयोग गर्दै, विशेष गरी हेरचाह गर्ने र समुदायलाई सक्रिय बनाउने भूमिकामा CBDRM ले पूर्व सूचना प्रणालीलाई बलियो बनाउँछ, जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउँछ र समावेशी सामुदायिक विकासलाई प्रवर्द्धन गर्छ।

लैङ्गिक-संवेदनशील CBDRM दृष्टिकोणले महिलाहरु र किशोरीहरुको विविध आवश्यकता र क्षमताहरुलाई सबै तहमा समावेश गरी अधिक प्रभावकारी र दिगो विपद् जोखिम व्यवस्थापनमा योगदान पुऱ्याउँछ। लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) को मूलप्रवाहीकरणले समुदायलाई अझ उत्थानशील (resilient) बनाउन अपरिहार्य भूमिका खेल्छ।

मूलप्रवाहीकरण भन्नाले सबै तहका सरकार तथा सरोकारवालाहरुको तयार गर्ने नीति, संरचना र कार्यक्रममा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणलाई प्रणालीगत रुपमा एकीकृत गर्ने प्रक्रिया बुझिन्छ। यसले समुदायका सबै वर्गका आवश्यकता र आवाजहरुलाई ध्यानमा राखेर योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरिने कुरालाइ सुनिश्चित गर्छ।

समानता हाम्रो साझा लक्ष्य हो, र त्यसका लागि समता, समावेशिता र विविधता मुख्य आधार हुनुपर्छ। त्यसैले समुदायमा आधारित विपद् व्यवस्थापन योजनामा GEDSI समावेशीकरण आवश्यक छ। यसका लागि योजना बनाउनेदेखि कार्यान्वयन र अनुगमनसम्म सबै चरणमा समुदायमा रहेको विविध समूहको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ।

स्थानीय ज्ञान, सिकाइ र सीपलाई योजनामा रुपान्तरण गर्दै, संरचनागत बाधाहरु तोडेर र आवश्यक स्रोत साधन सुनिश्चित गर्दै अघि बढ्नुपर्छ। विपद्को पूर्वतयारी, पूर्व सूचना प्रणाली, सूचनामा पहुँच, प्रतिकार्य, राहत र पुनःस्थापना प्रक्रियामा समुदायमा रहेका सबै समूहलाई समान पहुँच र सहभागिता सुनिश्चित गर्नुपर्छ।

महिलाहरुको नेतृत्व प्रवर्द्धन, उनीहरुलाई आवश्यक सहयोग र क्षमता विकास, तथा नेतृत्वमा सहभागी हुन अवसर दिनु आवश्यक छ। यदि सीमान्तकृत समूहहरु वा आवाजविहीन व्यक्तिहरुको आवाज योजनामा समावेश भएन भने समुदाय अझ जोखिममा पर्न सक्छ। त्यसैले उनीहरुको आवाजलाई समावेश गर्नु र निर्णय प्रक्रियामा वास्तविक प्रभाव पार्ने व्यवस्था गर्नु अनिवार्य हुन्छ।

समुदायमा आधारित विपद् व्यवस्थापनमा जातीयता, संस्कृति, सामाजिक मूल्य र वर्गीय

विविधतालाई ध्यानमा राखी समावेशी योजनाहरु बनाउनुपर्छ। नीतिनिर्माण र पूर्वतयारीका चरणमा कसले सेवा पाउँछ, कसरी पाउँछ, र कसले नेतृत्व लिन्छ भन्ने विषयमा छलफल गरी स्पष्ट निर्णय लिनुपर्छ।

महिलाको कार्यबोझ, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको विशेष आवश्यकता बुझेर कार्यक्रम डिजाइन गर्नुपर्छ। यसरी मात्र समुदायमा समावेशी, उत्तरदायी र दिगो विपद् जोखिम व्यवस्थापन सम्भव हुन्छ।

समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन (CBDRM) लाई लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) दृष्टिकोणबाट प्रभावकारी बनाउनका लागि जोखिम पहिचान र लेखाजोखा सहभागी, समावेशी र शक्ति संवेदनशील (power–sensitive) ढंगले गर्न आवश्यक हुन्छ। यसका लागि सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) का सामाजिक नक्सांकन, जोखिम नक्सांकन, समय रेखा र भेन डायग्राम प्रयोग गरी महिलाहरु, दलित, अपाङ्गता भएका व्यक्ति, वृद्ध र युवालाई सक्रिय रुपमा सहभागी गराइन्छ, जसले साझा बुझाइ र स्वामित्वको भावना सिर्जना गर्छ। लैङ्गिक विश्लेषणका उपकरणहरु प्रयोग गरी पुरूष र महिलाको भूमिका, पहुँच र स्रोतहरुको नियन्त्रणबारे बुझ्न सकिन्छ, जसले लैङ्गिक उत्तरदायी योजना बनाउन सहयोग पुर्‍याउँछ। शक्ति विश्लेषण (Power Analysis) समावेश गर्दा समुदायमा कसले निर्णय लिन्छ, स्रोत र अवसरमा कसको नियन्त्रण छ, सबैको आवाज सुन्छ वा सुन्दैन भन्ने कुरा पहिचान गर्न सकिन्छ, जसका आधारमा सीमान्तकृत समूहको आवाजलाई अग्रपंक्तिमा ल्याउने रणनीति तयार गर्न सकिन्छ। सामाजिक समावेशीकरण स्कोरकार्ड प्रयोग गरी अपाङ्गता भएका व्यक्तिहरुको अवस्था, पहुँच र आवश्यकता पहिचान गर्न सकिन्छ, र यसलाई Sex, Age, Disability Disaggregated Data (SADD) सहितको तथ्याङ्कमा समेटेर योजनामा उपयोग गर्न सकिन्छ। थप रुपमा, फोकस समूह छलफल र प्रमुख जानिफकारसँग अन्तर्वार्ता (KII) मार्फत विभिन्न समूहका आवाज, अनुभव र शक्ति असमानतासम्बन्धी जानकारी संकलन गरिन्छ भने सहभागी कार्यशाला प्रयोग गरेर प्राथमिकता निर्धारण र कार्ययोजना निर्माणमा उनीहरुको प्रत्यक्ष संलग्नता सुनिश्चित गर्न सकिन्छ। समानता, शक्ति सन्तुलन र पहुँच अनुगमनका लागि सूचकहरु विकास गरी सेवा र राहतमा असमानता मूल्याङ्कन गरिन्छ र गुनासो तथा प्रतिकार्य संयन्त्रको समीक्षा गरी पारदर्शिता र जवाफदेहीता बलियो बनाइन्छ। यी सबै विधिहरुले समुदायमा विद्यमान विविधता,



असमानता र शक्ति संरचनालाई सम्बोधन गर्दै अधिक प्रभावकारी, समावेशी र दीगो विपद् जोखिम व्यवस्थापन योजना निर्माण र कार्यान्वयन योगदान पुर्‍याउँछन्।

## १०.१ समुदायमा आधारित विपद् जोखिम व्यवस्थापनका मुख्य पक्षहरु

**समग्र र समावेशी दृष्टिकोण -** समुदायका सबै सदस्यलाई समावेश गर्ने, महिलाहरु र पुरूषहरुको फरक आवश्यकता र क्षमतालाई सम्बोधन गर्ने।

**समुदायको सशक्तिकरण -** समुदायका सबै पक्षलाई जोखिम पहिचान गर्ने र सान्दर्भिकता अनुसार विशिष्ट कार्ययोजना विकास गर्न सक्षम बनाउने।

**जोखिम र क्षमतामा ध्यान -** प्राकृतिक क्षमताहरु र महिलाको नेतृत्व भूमिकाको उपयोग गर्दै जोखिम न्यूनीकरणमा योगदान पुर्‍याउने।

**विकाससँग सम्बद्धता -** CBDRM लाई दिगो विकास र गरिबी न्यूनीकरण लक्ष्यसँग जोडेर दीर्घकालीन लाभ सुनिश्चित गर्ने।

**शक्ति विश्लेषणका लागि व्यावहारिक चेकलिस्ट**

यो चेकलिस्टले स्थानीय तह, समुदाय र सरोकारवालाहरुलाई विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा व्यवस्थित, समावेशी र पारदर्शी निर्णय लिन सहयोग पुर्‍याउँछ । यसमा शक्ति विश्लेषण (Power Analysis) समावेश गरिएको छ, जसले व्यक्तिहरु, समूहहरु वा संस्थाहरु निर्णय प्रक्रियामा प्रभावशाली छन् र कुन पक्षहरु कमजोर वा बाहिर छन् भन्ने पत्ता लगाउन मद्दत गर्छ । यसले सबैको आवाजलाई सुनेर निर्णय प्रक्रिया अझै न्यायपूर्ण र प्रभावकारी बनाउँछ ।

**व्यावहारिक चेकलिस्टका १० मुख्य प्रश्नहरु:**

१. के योजना प्रक्रियामा सबै सरोकारवालाहरु (महिला, दलित, अपांगता भएका व्यक्ति, सीमान्तकृत समूह) समावेश भएका छन् ?
२. के सरोकारवालाहरुको शक्ति र प्रभाव स्तरको नक्साङ्कन (Power Mapping) गरिएको छ ?
३. के कमजोर वा बञ्चित समूहलाई बोल्ने अवसर र स्थान उपलब्ध गराइएको छ ?
४. के निर्णय प्रक्रियामा समान शक्ति सन्तुलन कायम गर्न विशेष उपायहरु अपनाइएका छन् ?
५. के सबै सरोकारवालाले योजना र निर्णय प्रक्रियाबारे पर्याप्त जानकारी पाएका छन् ?
६. के बजेट र स्रोत साधन पारदर्शी ढंगले प्रयोग हुने सुनिश्चित गरिएको छ
७. के निगरानी र मूल्याङ्कन प्रणालीले विभिन्न समूहहरुमा पर्ने प्रभाव मापन गर्न सक्ने व्यवस्था गरेको छ ?
८. के निर्णय र कार्यान्वयनमा स्थानीय सरकार, समुदाय र साझेदारबीच स्पष्ट भूमिकाहरु तोकिएका छन् ?
९. के निर्णयमा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई प्राथमिकता दिइएको छ ?
१०. के समुदायले योजना कार्यान्वयनपछि प्रत्यक्ष फाइदा पाएको महसुस गर्न सकेको छ ?

## १०.२ महिला नेतृत्व र सहभागिताको महत्त्व

- **अभिभावक र संरक्षकको भूमिका -** महिलाहरु प्रायः घर र संवेदनशील सदस्यहरुको हेरचाह गर्छन्, जसले प्रभावकारी पूर्वतयारी र प्रतिकार्यमा उनीहरुको सहभागिता अनिवार्य बनाउँनु पर्छ।
- **सामुदायिक संलग्नता -** महिलाहरुको सामाजिक सञ्जाल प्रयोग गरी पूर्व सूचना प्रणाली र CBDRM गतिविधिहरुलाई बलियो बनाउन सकिन्छ।
- **जोखिम कमी गर्न महिला नेतृत्व -** महिलालाई नेतृत्वमा सशक्त पार्दा उनीहरुले लिङ्गमा आधारित विशेष समस्याहरु (जस्तै, लैङ्गिक हिंसा, घरेलु हिंसा) समाधानमा पहल गर्न सक्छन्।
- **सूचना र स्रोतमा पहुँच -** निर्णय प्रक्रियामा महिलाको सहभागिताले उनीहरुलाई आफ्ना अधिकारका लागि वकालत गर्न र CBDRM रणनीतिमा योगदान गर्न सक्षम बनाउँछ।

## १०.३ GEDSI मूलप्रवाहीकरणको महत्त्व

GEDSI मूलप्रवाहीकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (DRRM) लाई

निष्पक्ष, समावेशी र प्रभावकारी बनाउँछ। यसले महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, युवा, जातीय अल्पसंख्यक र अन्य सीमान्तकृत समूहहरु पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापना प्रक्रियामा पछि नपरुन भन्ने सुनिश्चित गर्छ।

- **समान पहुँच र अवसर -** सबै समूहलाई समान सेवा र सूचना उपलब्ध गराउने।
- **विभिन्न प्रभावहरुको सम्बोधन -** समुदायमा रहेको विविधतालाइ मध्यनजर गरी समूहगत फरक आवश्यकतालाई बुझेर क्रियाकलापहरु डिजाइन गर्ने।
- **नेतृत्व र निर्णयमा सहभागिता -** महिला र सीमान्तकृत समूहलाई निर्णय गर्ने तहमा वास्तविक नेतृत्वका लागि क्षमता बढाउने।
- **मानवअधिकार र सामाजिक न्याय -** DRRM लाई दिगो विकासका लक्षहरु (SDGs), सेंडाई रुपरेखा (Sendai Framework), CEDAW, र CRPD जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग मेल खाने गरी सामञ्जस्यता कायम गर्ने।
- **बलियो र उत्थानशील -** विविध दृष्टिकोण र सहभागिमुलक योजना निर्माण गर्दा बढी रचनात्मक समाधान खोज्नुका साथै समुदायलाइ उत्थानशील बनाउन सहयोग पुर्याउदछ।

## १०.४ GEDSI मूलप्रवाहीकरणका लागि प्रमुख कदमहरु

१. **नीति र संस्थागत प्रतिबद्धता -** DRRM नीति, कानुन र दिशानिर्देशमा GEDSI एकीकृत गर्ने, त्यसका लागि आवस्यक बजेट सुनिश्चित गर्ने।

२. **सहभागिता र नेतृत्व -** महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, LGBTQ± र सीमान्तकृत समूहको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

३. **लैङ्गिक-उत्तरदायी योजना -** SADDD डाटा सङ्कलन गरी जोखिम विश्लेषणमा प्रयोग गर्ने र समावेशी कार्यक्रम डिजाइन गर्ने।

४. **क्षमता विकास र सचेतना -** नीति निर्माता, कार्यान्वयनकर्ता र समुदायलाई GEDSI दृष्टिकोण सम्बन्धि सचेतना र क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने।

५. **सेवा र पहुँच सुनिश्चित गर्ने -** समावेशी पूर्वाधार, पहुँचयोग्य सूचना प्रणाली र वास्तविक विपद् प्रभावित लक्षित सहयोगका उपायहरु अपनाउने।

६. **जवाफदेहीता र अनुगमन -** लक्ष र उद्देश्यहरु पुरा भए नभएको सुनिश्चित गर्न स्पष्ट सूचकहरु विकास गरी नियमित मूल्याङ्कन गर्ने र गुनासो समाधान संयन्त्र स्थापना गर्ने।

७. **साझेदारी र सहकार्य -** महिला समूह, अपाङ्गता अधिकार समूह र स्थानीय सरकारसँग सहकार्य गरी स्थायी जवाफदेही प्रणाली निर्माण गर्ने।

## ११. पूर्वानुमानित कार्य (Anticipatory Action):

पूर्वानुमानित कार्य भनेको सम्भावित प्रकोप वा विपद् अघि नै विश्वसनीय पूर्वानुमान, विश्लेषण, र जोखिम मूल्याङ्कनको आधारमा गरिने कार्य हो, जसले जोखिममा रहेका समुदायलाई क्षति, मानवीय पीडा, र आर्थिक हानी कम गर्न सहयोग गर्दछ। यसले जोखिमलाई न्यून गर्न, जीवन बचाउन, र दीर्घकालीन प्रभावलाई कम गर्न प्रभावकारी कदम चाल्न मद्दत पुऱ्याउँछ।

### ११. १ पूर्वानुमानित कार्यको आवश्यकता र महत्त्वः

**समयमै कदम चाल्न सकिनेः** प्रकोपको सम्भावना भएको थाहा पाएपछि, तत्कालै उपाय अवलम्बन गर्न सकिन्छ, जसले मानवीय र आर्थिक क्षति कम गर्न सहयोग गर्छ।

**आर्थिक दृष्टिले प्रभावकारीः** विपद् पछि गरिने राहतभन्दा पूर्वानुमानित कार्य सस्तो र दीर्घकालीन समाधान प्रदान गर्न सक्षम छ।

**सुरक्षित समुदायको निर्माणः** जोखिमको सामना गर्न समुदायलाई सक्षम बनाउँछ, र विपद् व्यवस्थापनको परिप्रेक्ष्यलाई सुदृढ गर्दछ।

**जीवन र जीविकोपार्जनको संरक्षणः** समयमै पूर्वतयारी र स्रोतको परिचालनले जनजीवन र आय स्रोतलाई सुरक्षित राख्न मद्दत पुऱ्याउँछ।

**राष्ट्रिय प्रणालीको सुदृढीकरणः** सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वय र क्षमताको विकासमा टेवा दिन्छ।

### ११. २ नेपालमा पूर्वानुमानित कार्यको अवस्थाः

नेपाल जस्तो बाढी, पहिरो, भूक्षय, हिमपहिरो, र खडेरी लगायतका प्राकृतिक प्रकोपहरुको उच्च जोखिममा रहेको देशमा पूर्वानुमानित कार्यको आवश्यकता झन् महत्त्वपूर्ण छ। यद्यपि, यस क्षेत्रमा केही प्रारम्भिक पहलहरु भइरहेका छन्ः

**राष्ट्रिय आपतकालीन कार्य योजनाः** यसले विपद् व्यवस्थापनमा पूर्वतयारीलाई प्राथमिकतामा राखेको छ।

**सामुदायिक पूर्वानुमान प्रणालीः** बाढीको जोखिमको लागि पूर्वसूचना प्रणालीको स्थापना।

**विकास साझेदार र सहयोगीहरुः** रेडक्रस, डब्लुएफपी (WFP), र युनडीपी (UNDP) लगायतका संस्थाहरुले पूर्वानुमानित कार्यमा सहकार्य गरिरहेका छन्।

**चुनौतीहरुः** स्रोतको अभाव, नीति कार्यान्वयनमा ढिलाइ, र कमजोर पूर्वानुमान प्रणाली।

**क्षेत्रीय रोडम्याप २०२३-२०२७ को महत्त्वः**

एशिया-प्रशान्त क्षेत्रमा पूर्वानुमानित कार्यलाई सुदृढ पार्न यो रोडम्यापले पाँच वर्षको योजना प्रस्तुत गरेको छ। यसले प्रकोप न्यूनीकरण र स्थानीय स्तरमा प्रभावकारी प्रतिकार्य प्रणाली विकासमा सहयोग पुऱ्याउनेछ।

नेपालले पूर्वानुमानित कार्यलाई आफ्नो रणनीतिमा समावेश गरी दीर्घकालीन जोखिम न्यूनीकरणमा योगदान पुऱ्याउनुपर्छ।

# १२. समुदायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संरचना

## १२.१ सामुदायिक विपद् व्यवस्थापन समिति

स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायतका ऐन, कानुन तथा कार्यविधिहरुका अनुसार वडा स्तरीय विपद् व्यवस्थापन समितिको अधिनमा रहने गरी समुदाय स्तरमा भेला तथा छलफलबाट महिला सहभागिता कम्तिमा ५० प्रतिशत सुनिश्चित हुने गरी ७ देखि ९ जनासम्मका सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरेर समुदायको उत्थानशिलता अभिवृद्धिमा सहयोग पुऱ्याउनका लागि निम्न अनुसार पदाधिकारीहरु रहने गरी सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गर्न सकिने छ।

| | |
|---|---|
| अध्यक्षः | १ |
| उपाध्यक्षः | १ |
| सचिवः | १ |
| कोषाध्यक्षः | १ |
| सदस्यः | ३ देखि ५ जना |

## १२.२ सामुदायिक विपद् व्यवस्थापन समितिको काम र कर्तव्य

- समितिले समुदायमा सम्भावित वा भइरहेका विपद्हरुको पहिचान, मूल्याङ्कन, र व्यवस्थापनका क्षेत्रमा काम गर्ने र समाधानका उपायहरु तय गर्ने।
- विपद् प्रतिकार्यका लागि पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने, प्रभावकारी रणनीति निर्माण गर्ने, र वडा, नगरपालिका तथा अन्य सहयोगी संस्थाहरुसँग समन्वय र सहकार्य गरी नेतृत्व प्रदान गर्ने।
- विपद्का जोखिम, विशेषगरी मनसुनी विपद्का बारेमा सचेतनामूलक सूचना खोज, छलफल र समुदायलाई जानकारी गराउने कार्यक्रम सञ्चालन गर्ने।
- पहिचान भएका समुदायका समस्या समाधानका लागि वडा, नगरपालिका, सहयोगी निकाय र संस्थाहरुको समन्वय तथा सहकार्यमा विपद् रोकथाम, अल्पीकरण, न्यूनीकरण र अनुकुलनका कार्यहरु गर्ने
- स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसंगको समन्वयमा संकटबाट प्रभावित समुदायको तथ्याङ्क व्यवस्थापन गर्ने, सूचना आदान प्रदान गर्ने।
- समय अनुसार हुने विपद् सम्बन्धि सचेतनाका लागि सन्देश तयार गरी समुदायमा सम्प्रेषण गर्ने।
- विद्यालय, महिला समूह, बचत समूह, वन समूह लगायतका समुदायमा रहेका सामुदायिक

समुहसंगको संलग्नतामा विपद् सम्बन्धि सचेतना अभियान सञ्चालन गर्ने।

- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, र बिरामीहरुलाई प्राथमिकतामा राखी काम गर्ने।
- सामुदायिक सवालहरुलाई संस्थागत गर्दै समस्या समाधानका लागि नगर, जिल्ला, प्रदेश र राष्ट्रिय तहका सरोकारवाला निकाय र सञ्जालसँग समन्वय गरी वकालत गर्ने।
- समितिलाई स्थानीय तह (जस्तै वडा वा नगरपालिकामा) सुचिकृत गरी वैधानिकता सुनिश्चित गर्ने, तथा आचारसंहितालाई विधानको रुपमा विकास गर्दै संगठनको रुपमा अघि बढाउने।
- स्थानीय विकास योजनामा विपद् व्यवस्थापनका कार्यक्रम समावेश गराउन वडा तथा नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समितिसँग सहकार्य समन्वय गर्ने।
- विपद् सम्बन्धी अभियान र स्थानीयस्तरमा सञ्चालित सञ्जालहरुमा सक्रिय सहभागिता जनाई कार्यान्वयनलाई सुदृढ गर्ने।
- विपद् व्यवस्थापनका लागि स्थानीय स्रोतहरु परिचालन गर्न र आवश्यकताअनुसार स्रोतको खोज तथा व्यवस्थापन गर्न पहल गर्ने।

### १२. ३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कार्यदलहरु

समुदायमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाइ चुस्त दुरुस्त बनाउन र समयमै प्रभावकारी रुपमा विपद् प्रतिकार्य गरी सामुदायिक उत्थानशीलताका कार्यहरु गर्न ३ देखि ५ जनासम्मको निम्न कार्यदलहरु गठन गर्नुपर्दछ। उक्त कार्यदलका सदस्यहरुको तालिम, गोष्ठी, सेमिनार, छलफल तथा अन्तर्क्रियाका माध्यमबाट क्षमता अभिवृद्धि गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा सम्बन्धित गाउँ वा नगरपालिकाको स्वयंसेवक परिचालन कार्यविधि अनुसार सूचीकृत गरी विपद् व्यवस्थापनका क्षेत्रमा परिचालन गर्नुपर्दछ। समुदायमा गठन गर्नुपर्ने कार्यदल निम्न रहेका छन्।

१. सूचना तथा पूर्वचेतावनी कार्यदल
२. खोज तथा उद्धार कार्यदल
३. द्रुत सर्वेक्षण र राहत व्यवस्थापन
४. प्राथमिक उपचार, स्वास्थ्य तथा सरसफाइ कार्यदल
५. क्षति तथा आवश्यकता विश्लेषण कार्यदल
६. संरक्षण कार्यदल

### १२. ४ कार्यदलका कार्यहरु

समुदायमा रहेका विभिन्न कार्यदलले विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात निम्नानुसारका कार्यहरू गर्नुपर्दछ ।

| **१. सूचना तथा पूर्वचेतावनी कार्यदल** | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| • पूर्वसूचना तथा चेतावनी प्रणालीबारे सञ्चार माध्यम र अन्य स्रोतबाट प्राप्त सूचना प्राप्त गर्ने,<br>• पूर्वसूचना प्रणालीको स्थापनाका लागि जल था मौसम विज्ञान विभागसँग समन्वय गर्ने,<br>• उपलब्ध पूर्वसूचना प्रणालीको सुरक्षा र संरक्षण गर्ने,<br>• विपद्सम्बन्धी काम गर्ने वा अन्य सरोकारवाला निकायमा विपद् बारे सही जानकारी दिने,<br>• समुदायसँग नियमित छलफल गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिमा प्रतिवेदन नियमित रूपमा दिने,<br>• सञ्चारमाध्यम, स्थानीय पत्रकारसँग समन्वय गरी सूचना लिने र दिने काम गर्ने,<br>• विपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानबर्द्धक सामग्रीको खोजी गरी समुदायमा उपलब्ध गराउने,<br>• आपत्कालीन समयमा चाहिने निकायको फोनको सूची तयार गरी समुदायका सबै सदस्यलाई उपलब्ध गराउने,<br>• जनचेतना अभिवृद्धिका सामग्री नगर, जिल्ला र केन्द्रबाट सङ्कलन गरी जनचेतना अभियानमा हुने खर्च कटौती गर्ने,<br>• सूचना प्रबाह र प्राप्तिको भरपर्दो संयन्त्रका लागि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, जल तथा मौसम बिभागका स्टेसनहरू, स्थानीय तहमा समुदाय आफैले संचालन गरेका स्टेसनहरू विचमा नियमित छलफल, बैठक, अनुगमन गर्ने र आवश्यकता अनुसार सूचना आदान प्रदान संयन्त्रमा परिमार्जन गर्ने । | • विपद्को सूचना सबैभन्दा पहिले खोज तथा उद्धार कार्यदललाई दिने,<br>• यस्तो सूचना नगर तथा जिल्ला आप्तकालीन कार्य संचालन केन्द्र, स्थानीय प्रहरी, जिल्ला प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, स्थानीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराएर सहयोग माग गर्ने,<br>• विपद्सम्बन्धी सम्पूर्ण जानकारी स्थानीय वडा तथा विपद् व्यवस्थापन समितिमार्फत, कार्यपालिका र जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउने,<br>• विपद् बारेको समाचार तथा सूचना सञ्चारमाध्यम वा पत्रकारलाई उपलब्ध गराउने । | • क्षति विश्लेषण कार्यदलबाट भएको कार्य र क्षतिको अवस्थाको जानकारी लिने,<br>• विपद्पछि उत्पन्न भएको थप सङ्कटासन्नता र जनजीवनमा परेको असरको समीक्षा गर्ने,<br>• जनजीवनमा परेको असरअनुसार पूर्वतयारीका कार्यको निरन्तरत,<br>• पूर्व सुचना प्रणालिसंग सम्बन्धित संरचनामा भएको क्षतिको मर्मत संभार गर्ने र थप संरचनाको आवश्यकता भएमा पहल गर्ने,<br>• स्थापित संयन्त्रमा भएका कमि कमजोरिमा सुधार ल्याउन पहल गर्ने। |

| २. खोज तथा उद्धार कार्यदल | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| • विपद् बाट विस्थापितलाई राख्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने,<br>• उद्धारका लागि आवश्यक पर्ने सामग्रीको बन्दोवस्त गर्न स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय प्रहरी, नेपाली सेना, जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सहयोग माग गर्ने,<br>• उद्धारका लागि स्थानीय स्तरमा रहेका सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने,<br>• बाढी र पहिरोको समयमा उद्धार गर्न सक्ने समुदायका सदस्यको पहिचान गरी उनीहरुको सम्पर्क नम्बर अध्यावधिक राख्ने,<br>• उद्धारकर्मीका लागि तालिमको व्यवस्था गर्न गैसस, नेपाल रेडक्रस, प्रहरी र सेनासँग समन्वय गर्ने। | • विपद् हुने मौसममा खोज तथा उद्धारको लागि तयारी अवस्थामा रहने,<br>• सूचना तथा पूर्वसूचना कार्यदलको सूचनाका आधारमा अति जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजाने,<br>• त्यस्ता परिवारको महत्वपुर्ण सम्पत्ति र पशुधनको रक्षा तथा उद्धार गर्ने,<br>• समुदायमा रहेका महिला, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिलाको सूची तयार गरी वडा तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई दिने र सहयोगको प्राथमिक सूचीमा राख्न आग्रह गर्ने । | • उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिलाई दिने।<br>• विपदमा परेर हराएका वा मृत्यु भएका मानिस र घरपालुवा पशुको सूची तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सुरक्षा निकाय र कार्यपालिकालाई उपलब्ध गराउने।<br>• उद्धार समाग्री पुनः यथास्थानमा राख्ने |

| ३. द्रुत सर्वेक्षण र राहत व्यवस्थापन | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| • समुदायस्तरबाट उपलब्ध हुने राहत सामग्री सङ्कलन र भण्डारणको व्यवस्था गर्ने,<br>• सामुदायिक विपद् व्यवस्थापन कोषको स्थापना गर्ने,<br>• राहत सामग्री प्रयोग नभएमा त्यस्तो सामग्री नियमानुसार बिक्री गरी प्राप्त रकम कोषमा जम्मा गर्ने,<br>• पूर्ण रुपमा विस्थापित हुने परिवारलाई बसोबासको व्यवस्थाका लागि सार्वजनिक जग्गाको पहिचान गरी त्यस्तो जग्गा उपयोग गर्न स्थानीय विपद् व्यवस्थापन समिति तथा कार्यपालिका मार्फत सम्बन्धित निकायसँग अनुमति लिने प्रक्रिया अघि बढाउने,<br>• विस्थापितलाई सुरक्षित राख्ने स्थानको लागि उद्धार कार्यदलसँग समन्वय गरी सुरक्षित स्थानको पहिचान गर्ने,<br>• स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा आवश्यक कार्य गर्ने,<br>• स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसंग समन्वय गरी द्रुत सर्वेक्षण फारम तयारी अवस्थामा राखने। | • सही समयमा कार्ययोजना अनुसार राहत व्यवस्थापन गर्ने,<br>• नगर, प्रदेश तथा संघबाट प्राप्त अनुदान वा राहत वितरणमा कार्यदललाई सहयोग गर्ने,<br>• स्थानीय विपद् व्यवस्थापन समितिसँग सहमति लिएर अन्य आवश्यक कार्य गर्ने,<br>• विपद् प्रश्चात द्रुत सर्वेक्षण कार्यटोली परिचालन गर्ने। | • विस्थापित भएर पुनःस्थापन हुन नसकेका परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्थाका लागि पहल तथा पैरवी गर्ने,<br>• पुनःस्थापना हुन सक्ने परिवारको घर मर्मतसम्भारको लागि पहल गर्ने र सहयोगको लागि स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई वडामार्फत सिफारिस गरी पठाउने। |

| ४. प्राथमिक उपचार, स्वास्थ्य तथा सरसफाइ कार्यदल | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| • विपद्को समयमा घाइतेको उपचारको लागि प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने,<br>• विपद् नभएमा प्राथमिक उपचार सामग्रीको समय बाँकी रहँदै प्रयोग गरी पुनः नयाँ सामग्री तयारी अवस्थामा राख्ने,<br>• स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी आवश्यक सामग्री माग गर्ने,<br>• स्थानीय समुदायमा एम्बुलेन्स उपलब्ध भएमा सोको मर्मतसम्भार गरी दुरूस्त राख्ने व्यवस्था मिलाउने,<br>• स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी विपद् पहिले र पछि हुनसक्ने महामारी तथा स्वास्थ्य सम्बन्धी समस्या बारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>• जनचेतना अभिवृद्धिको लागि प्राथमिक स्वास्थ्य केन्द्र तथा जिल्ला जनस्वास्थ्य कार्यालय र अन्य स्वास्थ्यसंस्थासँग सहयोग माग गर्ने,<br>• स्वयंसेवकहरुलाई विपद् र महामारीबारे अभिमुखीकरण गर्ने। | • घाइतेको तत्काल उपचार गर्न उद्धार कार्यदलसँगै विपद् प्रभावित क्षेत्रमा जाने,<br>• घाइतेको प्राथमिक उपचार गरी आवश्यक परेमा स्वास्थ्यसंस्थामा पठाउने। | • विपद्पछि फोहोरमैला व्यवस्थापनका कार्य गर्ने,<br>• विपदबाट विस्थापित समुदाय बसेको स्थानमा सरसफाइका कार्यलाई नियमित रुपमा सञ्चालन गर्ने,<br>• महामारीजन्य रोगहरुको नियमित निगरानी गर्ने र सम्बन्धित निकायलाई जानकारी दिने,<br>• स्वास्थ्य, सरसफाइ र जनस्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने। |
| **५. क्षति तथा आवश्यकता विश्लेषण कार्यदल** | | |
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| • विपदपूर्व नै जनधनको हुन सक्ने क्षतिको विवरण सङ्कलन गर्ने,<br>• स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसंग समन्वय गरी सम्भाव्य क्षति विश्लेषण नमुना फाराम उपलब्ध गराई राख्ने,<br>• स्वयंसेवकहरुलाई द्रुत लेखाजोखा तथा क्षति विश्लेषण तालिम दिने,<br>• क्षति विश्लेषण स्वयंसेवकहरुलाई तयारी अवस्थामा राख्ने। | • विपद्बाट भएको क्षतिको लेखाजोखा गरी आपत्कालीन सहयोगको आवश्यकता पहिचान गर्ने,<br>• उपलब्ध सूचनाका आधारमा सहयोगका लागि स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सम्बन्धित निकायलाई उपलब्ध गराउने। | • क्षतिको विस्तृत विश्लेषणका लागि सूचना सङ्कलन गर्ने,<br>• गरिएको कामको समिक्षा गरी कमी कमजोरीहरु पहिचान गर्ने। |

| ६. संरक्षण कार्यदल | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| • मनोसामाजिक परामर्शदाताहरूको रेकर्ड अध्यावधिक गर्ने र तालिम संचालनको बन्दोवस्त मिलाउने,<br>• समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलताका कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने र यस बारेमा जनचेतना अभिवृद्धि र अन्य क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने,<br>• लैङ्गिक समानता र संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने,<br>• स्थानीय समुदायमा अपाङ्गता भएका ब्यक्तिहरू, जेष्ठ नागरिक, महिला, गर्भवति महिला तथा वालवालिका मैत्री आश्रयस्थलको पहिचान र निर्माणमा स्थानीय विपद्  व्यवस्थापन समितिलाई सहयोग गर्ने,<br>• अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, महिला, गर्भवति महिला, दलित, जनजाति तथा वालवालिकालाई सुरक्षा सम्बन्धी पूर्वजानकारी एवं अभिमुखीकरण गर्ने। | • विपद् प्रतिकार्यका दौरान हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार आदि घटनाको अनुगमन र पहिचान गर्ने,<br>• घटना घटेको वा घट्नसक्ने अवस्थामा कानूनी सहयोग तथा परामर्शमार्फत दोषीलाई कारवाही गर्न सकिने व्यवस्था मिलाउने,<br>• विपद् प्रभावितलाई आवश्यकता अनुसार मनोपरामर्श दिने,<br>• हराएका वा विछोडिएका परिवारको खोजी र पुनर्मिलनको लागि सहजीकरण गर्ने,<br>• राहत वितरण गर्दिँदा राहत सामग्रीहरू वालवालिका, महिला, गर्भवती तथा सुत्केरी महिला, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक तथा दीर्घ रोगीहरुका लागि विशेष सामग्रीको व्यवस्था गर्ने। | • विपद्बाट प्रभावित व्यक्ति, परिवार र जोखिममा रहेका विभिन्न समूहमाथि विपद्को समय वा विपद् पश्चात् उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव एवं हेलामा परेका समूहलाई मानवीय मापदण्डका आधारमा संरक्षण प्रदान गर्ने। |

## ११.५ समुदायका लागि आचार संहिता (Code of Conduct)

समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम समुदायले स्वस्फुर्त रुपमा सञ्चालन गरिने योजनावद्ध कार्य हो । यो कार्यमा परिचालित हुने समितिका सदस्यहरु, कार्यदलका सदस्यहरुले अन्तर्राष्ट्रिय मानवीय सहायतामा संलग्न संस्थाहरुले सन् १९९४ मा तयार पारेको दस्तावेजमा आधारित तल उल्लेखित आचार संहिताहरु पालना गर्नुपर्दछ । यसको उद्देश्य विपद् पछिको सहायता तथा उद्धारका कामहरु गर्दा अपनाइनुपर्ने व्यवहारको रुपरेखा दिनु हो ।

### आचार संहिताहरु

**१. मानव सहायता पहिलो प्राथमिकता हो।**

दुःखमा परेका व्यक्तिहरुलाई जात, धर्म, वा कुनै पनि भेदभाव नगरी तुरून्त सहायता दिनु हाम्रो पहिलो कर्तव्य हो।

**२. सहयोग आवश्यकताको आधारमा दिइन्छ।**

हामी सहायता दिँदा जात, धर्म, लिङ्ग वा नागरिकताको आधारमा भेदभाव गर्दैनौं। सहयोग दिने प्राथमिकता पीडितको आवश्यकताको आधारमा निर्धारण गरिन्छ।

**३. सहायता कुनै पनि राजनीतिक वा धार्मिक स्वार्थका लागि प्रयोग गरिन्न।**

हामी हाम्रो कामबाट कुनै पनि राजनीतिक दल वा धर्म विशेषको प्रचार गर्दैनौं।

**४. हामी कुनै देशको परराष्ट्र नीतिको उपकरण जस्तो भएर कार्य गर्दैनौं।**

हाम्रो उद्देश्य मानवीय सेवा हो, कुनै पनि देश वा सरकारको नीति अनुरुप काम गर्नु होइन।

**५. हामी सहयोग दिने ठाउँका संस्कृति र परम्पराको सम्मान गर्छौं।**

हामी सहयोग गर्ने समुदायका परम्परा, भाषा र जीवनशैलीलाई सम्मानका साथ व्यवहार गर्छौं।

**६. हामी स्थानिय क्षमताको प्रयोग गरेर सहायता दिन्छौं।**

स्थानीय व्यक्तिहरुको ज्ञान, स्रोत र सीपको प्रयोग गरेर सहायता कार्यक्रम सञ्चालन गर्छौं।

**७. पीडितहरुलाई नै योजना, सञ्चालन र मूल्यांकनमा सहभागी गराउँछौं।**

हामी सहायता पाउने व्यक्तिहरुलाई पनि योजनामा सहभागी गराउँछौं, ताकि उनीहरुले आफैं निर्णय गर्न सकुन।

**८. हामी दीर्घकालीन समाधान र भविष्यको जोखिम घटाउने उपायमा ध्यान दिन्छौं।**

हाम्रो कामले तत्काल राहत मात्र होइन, भविष्यमा त्यस्ता विपद्‌बाट जोगिने उपाय पनि समेट्नुपर्छ।

**९. हामी सबैप्रति जवाफदेही छौं।**

हामी सहयोग पाउने व्यक्ति र सहयोग दिने संस्थाप्रति जवाफदेही छौं। उनीहरुले हाम्रो कामबारे जानकारी पाउन पाउनु पर्छ।

**१०. हामी प्रभावितहरुलाई सम्मानपूर्वक प्रस्तुत गर्छौं।**

हामी सूचना, प्रचार वा संचारमा प्रभावितहरुलाई लाचार नभई सम्मानित मानवको रुपमा प्रस्तुत गर्छौं।

## सन्दर्भ सामग्री

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

DRR Portal, नेपाल सरकार गृह मन्त्रालय

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७६

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८- २०३०

विपद् जोखिम न्यूनीकरण सम्बन्धी शब्दावली २०७२

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ (प्रथम संशोधन २०७५)

Community-Based Disaster Risk Management: Field Practitioners' Handbook. Asian Disaster Preparedness Center (ADPC), Bangkok.

विपद् लेखाजोखा मार्गदर्शन-२०७२ को प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA) खण्ड (प्रथम संशोधन, २०७८)

Sendai Framework for Disaster Risk Reduction २०१५ - २०३०

## नेपाल पुर्वतयारी साझेदारी (Nepal Preparedness Partnership –NPP)

नेपालको भौगोलिक बनावट, जलवायु परिवर्तनका प्रभाव तथा तीव्र मानव गतिविधिका कारण नेपाल भूकम्प, बाढी, पहिरो र डुबान जस्ता प्राकृतिक विपद्को उच्च जोखिममा रहेको देश हो, जसका कारण विपद् जोखिम न्यूनीकरण राष्ट्रिय प्राथमिकताका रुपमा स्थापित भएको छ। अव्यवस्थित सहरीकरण, कमजोर भौतिक संरचना तथा स्थानीय तहमा सीमित प्राविधिक र संस्थागत क्षमताका कारण जोखिम अझ बढिरहेको छ। यसलाई सम्बोधन गर्न नेपालले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०१७ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ लगायत कानुनी तथा नीतिगत व्यवस्था लागू गरेको भए पनि नीति कार्यान्वयन, स्रोत परिचालन र संस्थागत समन्वयमा अझै चुनौतीहरु देखिन्छन्, विशेषगरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रुपमा पछाडि परेका समुदायहरु विपद्को असमान प्रभावबाट बढी प्रभावित हुन्छन् ।

यस सन्दर्भमा बहुपक्षीय समन्वय सुदृढ गर्न नेपाल पूर्वतयारी साझेदारी (Nepal Preparedness Partnership – NPP) कार्यक्रम सञ्चालन गरिएको छ, जुन नेपाल सरकार गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको मार्गदर्शनमा राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal) द्वारा कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमले सरकार, नागरिक समाज, निजी क्षेत्र, प्राज्ञिक संस्थाहरु र स्थानीय तहबीच साझेदारी र सहकार्य प्रवर्द्धन गर्दै स्थानीय नेतृत्वमा आधारित विपद् व्यवस्थापन तथा समुदायको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। यसको रणनीतिक निर्देशनका लागि नेपाल सरकार गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको नेतृत्वमा गठन गरिएको राष्ट्रिय निर्देशक समिति (NSC) मा सरकार, मानवीय संस्था, प्राज्ञिक संस्थानहरु र निजी क्षेत्र लगायत प्रमुख सरोकारवाला संस्थाहरुको सहभागिता रहेको छ, जसले साझेदारी, क्षमता विकास र समुदायको सक्रिय सहभागितामार्फत सुरक्षित र पूर्वतयारीयुक्त समुदाय निर्माणलाई प्रवर्द्धन गर्दै आएको छ।

## नेपाल पुर्वतयारी साझेदारी (NPP) कार्यक्रमः


नेपाल पूर्वतयारी साझेदारी (NPP) कार्यक्रम एशियाली पूर्वतयारी साझेदारी (APP) अन्तर्गत एसियाली विपद् पूर्वतयारी केन्द्र (ADPC) को सहयोगमा नेपालमा सञ्चालन गरिएको क्षेत्रीय पहल हो, जसले प्रकोप पूर्वतयारी, आपतकालीन प्रतिकार्य र पुनःस्थापनामा स्थानीय तहको नेतृत्व सुदृढ गर्दै सरकार, मानवीय संस्था, शिक्षा तथा निजी क्षेत्रबीच सहकार्यमार्फत क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। नेपाल लगाएत क्याम्बोडिया, म्यानमार, लाओस, पाकिस्तान, फिलिपिन्स र श्रीलङ्का जस्ता देशहरुमा सञ्चालन भइरहेको यस कार्यक्रमलाई नेपालमा नेपाल सरकार गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको मार्गदर्शनमा कार्यान्वयन गरिएको छ। सन् २०१७ देखि यस अन्तरगतका परियोजनाहरु नियमितरूपमा सञ्चालनमा रहेका छन्। हाल तेस्रो चरणका क्रियाकलापहरु सञ्चालन भइरहेको यो परियोजना समुदाय, स्थानीय तह, प्रदेश र संघीय तहमा विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढीकरणमा केन्द्रित रहेको छ।

हाल NPP कार्यक्रम चितवन जिल्लाका इच्छाकामना गाउँपालिका, कालिका, खैरहनी, रत्ननगर, राप्ती र माडी नगरपालिकामा विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढीकरण स्थानीय तहका उच्च जोखिमयुक्त वडाहरुमा केन्द्रित भई स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (LEOC) स्थापना, सामुदायिक विपद् जोखिम न्यूनीकरण सम्बन्धी ज्ञान, सचेतना तथा क्षमता अभिवृद्धि, बहु-क्षेत्रीय समन्वय, साझेदारी तथा स्रोत आदान-प्रदानलाई बलियो बनाउँदै लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) लाई एकीकृत गरी प्रभावकारी विपद् व्यवस्थापन प्रणाली प्रवर्द्धन गर्ने कार्यहरु निम्न चरणमा कार्यान्वयन भएका छन्:

- पहिलो चरण (२०१६-२०१९): सह-सिर्जना र परिचालनमा केन्द्रित।
- दोस्रो चरण (२०१९-२०२३): कार्यान्वयनमा केन्द्रित।
- तेस्रो चरण (२०२३-२०२६): एकीकरण, विस्तार र दिगो बनाउने उद्देश्यमा केन्द्रित।

## नेपालमा एनपीपी यात्रा

नेपाल पूर्वतयारी साझेदारी (NPP) सन् २०१७ मा स्थापना गरिएको हो। यसको उद्देश्य सरकारी निकाय, स्थानीय मानवीय संघसंस्था र निजी क्षेत्रबीच समन्वय र साझेदारी सुधार गरी समुदायको प्रतिरोधात्मक क्षमता वृद्धि गर्नु हो। यसले सरकारी निकाय, निजी क्षेत्र, शैक्षिक संस्था, मिडिया र स्थानीय मानवीय कार्यकर्ताबीच सहकार्य प्रवर्द्धन गरी प्रकोप पूर्वतयारी र प्रतिकार्य क्षमतामा सुधार ल्याउँछ। साथै, साझेदारी, ज्ञान स्रोत, तालिम र नेटवर्किङ अवसरहरु सिर्जना गरेर प्रतिक्रिया र पुनःस्थापनालाई प्रभावकारी बनाउने लक्ष्य राख्दछ ।



## राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र, नेपालः एक झलक

सन् २००७ मा उत्थानशील समुदाय निर्माण गर्ने उद्देश्यका साथ स्थापित राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र, नेपाल (NDRC Nepal) ले नेपालका ६९ जिल्लामा विपद् व्यवस्थापन, जलवायु परिवर्तन, जीविकोपार्जन, जैविक विविधता संरक्षण सम्बन्धी अनुसन्धान, परियोजना कार्यान्वयन, र ज्ञान व्यवस्थापनका विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

NDRC Nepal ले विभिन्न परियोजनामा राष्ट्रिय कार्यान्वयन साझेदार संस्थाका रुपमा काम गर्दै आएको छ। स्थानीय तहमा प्राप्त सिकाइ तथा अनुभवलाई स्थानीय र राष्ट्रिय स्तरका नीतिगत बहसमा प्रवाहित गर्न, विपद् व्यवस्थापनलाई मुख्यधारमा ल्याउन, तथा सम्बन्धित सरोकारवाला निकायहरुसँग सहकार्य गर्दै धेरै महत्वपूर्ण गतिविधिहरु सञ्चालन गर्दै आएको छ। यस संस्थाले सहरी विपद् व्यवस्थापनका लागि "सुरक्षित सहर" तथा "प्रगति" परियोजना, सुरक्षित विद्यालय कार्यक्रम, र स्थानीय नेतृत्वमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। साथै, चितवन, बाँके, बर्दिया, दाङ, कैलाली र दार्चुला जिल्लामा आपतकालीन कार्यसञ्चालन केन्द्रहरुको सूचना व्यवस्थापन र सुदृढीकरणमा पनि अग्रणी भूमिका निर्वाह गरिरहेको छ।

सन् २०१७ र सन् २०१६ मा बाणगंगा जलाधार क्षेत्रमा जैविक विविधताको संरक्षण, कृषि प्रवर्द्धन तथा जलवायु परिवर्तन अनुकूलनमा संस्थाले गरेको उदाहरणीय कार्यका आधारमा NDRC Nepal Solution Search: Farming for Biodiversity/International Climate Initiative (२०१७) अन्तर्गत Judges' Choice Prize तथा Adaptation at Scale Prize/DFID (२०१६) अन्तर्गत प्रोत्साहन पुरस्कार प्राप्त गरी सम्मानित भएको छ।

**राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र (NDRC Nepal)**
**नयाँ बानेश्वर, काठमाडौं, राधामोहन मार्ग- १६२, GPO Box ९४६०**
**काठमाडौं, नेपाल**
**फोनः +९७७-०१-४५८२७३८**
**इमेलः ndrcnepal.org@gmail.com, URL: www.ndrcnepal.org.np**

9789905-9947-1-3